'देव वाणी' मा अभिनय गर्न 'वान्टेड' भिलेन नेपालमा | पृष्ठ ४ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com


छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com


वर्ष २५ •अंक १९१ • २०८० साल मंसिर २३ गते शनिबार (9 December, Saturday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-


## पर्यटकका लागि स्तरीय होटल थपियो

# मधेश प्रदेशमा पर्यटनको प्रचुर सम्भावना : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेशमा पर्यटनको प्रचुर सम्भावना रहेको बताएका छन् ।

मधेश प्रदेश सरकार गठन भएदेखि नै पर्यटकीय स्थलहरुको पहिचान गरी त्यसका लागि विभिन्न योजनाहरु ल्याएको उनले बताए।

जनकपुरधामको मुटु बाह्रविघाको छेउमा रहेको अन्जनी सुईट होटलको शुक्रबार समुद्घाटन गर्दै मुख्यमन्त्री यादवले प्रदेश सरकार गठन भएपछि यहाँ देशी विदेशी पर्यटकको चाप बढेको बताउँदै यहाँ होटल व्यवसायको व्यापक सम्भावना रहेको बताए। जनकपुरधाममा आउने अधिकांश धार्मिक पर्यटक रहेका कारण यहाँको वातावरणसमेत सोही अनुरुप हुनुपर्ने उनले भने।

यहाँका धर्मशाला र होटलहरु संख्यात्मक रुपमा रहे पनि गुणस्तरीयतामा ध्यान दिनुपर्ने उनले सुझावसमेत दिए। जनकपुरधाममा आउने स्वदेशी तथा विदेशी पर्यटकलाई यहाँ कसरी रोकेर राख्न सकिन्छ त्यसतिर पनि ध्यान दिन उनले व्यवसायीहरुसंग आग्रह गरे । जनकपुरधाममा व्यापक परिवर्तन भएको बताउँदै मुख्यमन्त्री यादवले जनकपुरधामलाई राजधानी बनाउन सभामुखको कुर्सीमा बसेर खेलेको भूमिकालाईसमेत स्मरण गरे ।

अञ्जनी सुईट पर्यटकलाई मध्यनजर गर्दै स्तरीय होटलको रुपमा थपिएको बताउँदै मुख्यमन्त्री यादवले जनकपुरधाममा यस्ता होटलको आवश्यकता रहेकोसमेत बताए। जानकी मन्दिर, बाह्रविघा जनकपुरधामको धरोहर रहेका कारण यसमा स्थानीय सरकार, प्रदेश सरकार र स्थानीयबासीहरु समेत मिलेर जोगाएर राख्नुपर्नेमा उनले जोड दिए । मुख्यमन्त्री यादवले मधेश प्रदेश सरकारले जानकी मन्दिरको सौन्दर्यकरण लगायतका यहाँका पोखरी, तलाउहरुको सौन्दर्यकरणका लागि देखाएको तदारुकतामा स्थानीयबासीहरुलाई उत्साहित भएर सहयोग गर्नुपर्ने विचार व्यक्त गरे ।



प्रदेश सरकारको आर्थिक गतिविधि नभएका कारण व्यवसायीहरुलाई समस्या भएको उनले स्वीकारे । उनले भने-'मधेश प्रदेश सरकारको चालु आर्थिक बर्षको गतिविधि रोकिएका कारण बजारमा व्यवसायीहरुलाई समस्या भएको छ, अब सरकारको कामकारबाही अगाडि बढेपछि व्यवसायीहरुको समस्या समाधान हुनेछ।'

मधेश प्रदेशलाई पर्यटकीय दृष्टिकोणले अगाडि बढाउने योजना सरकारको रहेको बताउँदै उनले त्यसको भौतिक संरचनाको रुपमा जनकपुरधाम लगायत यस आसपास क्षेत्रमा होटल व्यवसाय फष्टयाएको बुझ्न आग्रह गरे। जनकपुरधामको जानकी मन्दिर, राम मन्दिर, गंगा आरती, विवाह मण्डप, धनुषाधाम, छेउमै रहेको जलेश्वर नाथ, वीरगञ्जको गढीमाइ, सप्तरीको कंकालनी भगवती लगायत दर्जनौ स्थान छन् जसले पर्यटकलाइ लोभ्याउन सक्ने उनको तर्क थियो ।

समुद्घाटन गरिएको होटल अञ्जनी सुईटमा ३६ वटा लग्जरीयस एसी कोठा, पार्किङ्गको पर्याप्त ठाउँ, टप फ्लोरमा रहेको रेष्टुरेन्ट, लिफ्ट र टप फ्लोरबाट दिन वा रातमा जनकपुरधामको जुन भिउ आउँछ त्यो पर्यटकलाई लोभ्याउने खालको हुने होटल सञ्चालकको दाबी छ।

जनकपुरधाम आएका पर्यटकहरुले होटलको टप फ्लोरमा रहेको रेष्टुरेन्टमा मिथिला परिकार लगायतका स्वादका साथै जनकपुरधामको अलौकिक दृश्यावलोकन गर्नसक्ने उनको दावी छ । अन्य ठाउँमा भिउ टावर सरकारले बनाएका छन् तर यो होटल नै भिउ टावर जस्तो भएको उनको भनाइ छ।

कार्यक्रममा उर्जा, सिँचाई तथा खानेपानी मन्त्री सिंहासन साह कलवारले मधेश प्रदेशका होटल व्यवसायीहरुलाई सरकारले संरक्षण, सुरक्षाको प्रत्याभूति गराउन सफल भएको दाबी गरे। उनले मधेश प्रदेशका कुनै पनि व्यवसायीले आफूलाई असुरक्षित महसुस नगरेको भन्दै मधेश प्रदेश सरकारको सकारात्मक कामहरुमध्येको एक काम रहेको बताए।

सरकारले पर्यटन क्षेत्रलाई व्यवस्थापन गर्न यहाँका व्यवसायीहरुलाई संरक्षण, सुरक्षा दिन कुनै कसर बाँकी नराख्ने प्रतिवद्धतासमेत व्यक्त गरेका थिए। मन्त्री साहले मधेश प्रदेश सरकार मधेश प्रदेशमा पर्यटक भित्र्याउने योजना बनाइ रहेको र विगतका योजनाहरुलाई प्रतिबद्ध भइ कार्यान्वयन गर्न लागिपरेको बताए।


## भर्ना सम्बन्धी सूचना

केही सिट मात्र बाँकी रहेकोले समयमै आवेदन फाराम भरी मौकाको फाइदा उठाउनुहोस् ।

फाराम भर्ने अन्तिम मिति : २०८०/०८/२८
प्रवेश परीक्षा मिति : २०८०/०८/३०

. BE CIVIL 4 years
. BBA 4 years
. MBA 2 years

भुकम्प प्रतिरोधात्मक तथा भौतिक पूर्वाधारले सम्पन्न जनकपुरमा अवस्थित आफ्नो ठुलो भवन

CENTRAL ENGINEERING COLLEGE
जनकपुधाम (रामानन्द चौक देखि दक्षिण राजमार्गको पश्चिम विजय भवन)
Tel: 041-527336, 980114336, 9854024600, 9851048617, 9801048617
email: centralegg@gmail.com






## पिपरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

### जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा गाउँपालिकाबाट नक्शा पास गरौं ।
- घर निर्माण गर्दा भुकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सो को पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भुमिका निर्वाह गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर गाउँपालिकामा बुझाउने गरौं ।
- गाउँबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- गाउँपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, गाउँपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहरु नराखौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । गाउँपालिकालार्य बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत फोहोरमैला नफालौं ।
- स्वस्थ्य रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाब गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रुपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरुलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिक रुपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।




# ‘बालश्रम अन्त्यका लागि बेरोजगारी समस्या समाधान गर्नुपर्छ’



**टुडे समाचारदाता**

जनकपुरधाम । बढ्दो बालश्रम कम गर्नका लागि बेरोजगारी समस्या समाधानतर्फ अग्रसर हुनु आवश्यकता रहेको एक कार्यक्रममा वक्ताहरुले बताएका छन् । शुक्रबार जनकपुरधाममा बालश्रम अन्त्यका लागि संचारकर्मीहरुसंग अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले बालश्रमको मुख्य कारक बेरोजगारी रहेको बताए । यसका लागि बालश्रम गरिरहेका बालबालिकाका विपन्न परिवारहरुको पहिचान गेरर रोजगारीको अवसर प्रदान गेरर बालश्रम निरुत्साहित गर्न सकिने बताए।

स्थानीय सरकारद्वारा त्यस्ता बालबालिकालाई छात्रवृत्तिको व्यवस्थाका साथै त्यस्ता घरपरिवारको ऋण मिनाहासम्मको व्यवस्था गरे बालश्रम केही हदसम्म कम गर्न सक्ने सुझाव दिइएको छ। कार्यक्रममा आसमान नेपालका कार्यक्रम संयोजक दिपेन्द्र कुमार तिवारीले प्रस्तुत गरेको तथ्यांकमा मधेशमा १४ लाख ९८ हजार बालबालिका बालश्रममा संलग्न रहेकोमा पाँच देखि १७ उमेर समूहका १ लाख ७२ हजार बालबालिका र पाँच देखि १३ उमेर समूहका १ लाख २७ हजार बालश्रममा संलग्न रहेको उल्लेख छ।

मधेशमा बालश्रम अन्त्यका लागि प्रदेश बाल अधिकार सम्बन्धी ऐन २०७७ संसदमा पेस भइसक्दा पनि पास हुन सकेको छैन भने बालिका अधिकार ऐन संसदमा पेससमेत हुन नसकेको अवस्था छ। मधेश प्रदेश बालअधिकार सम्बन्धी ऐन नै कार्यान्वयनमा ल्याउन नसक्दा बाल अधिकार सुनिश्चितताका लागि आवाज उठाउन नसकिएको प्रस्तुत तथ्यांकमा उल्लेख छ।

खास गरी परिवारमा मद्यपान सेवन, पारिवारिक कलह, द्वन्द्व, कमजोर आर्थिक अवस्था, घर जग्गाविहीन, बाल विवाह, अभिभावकविहीन र अभिभावकसंग माया नपाउनुका कारण वालश्रम बढ्दो रहेको तथ्यांकमा प्रस्तुत गरिएको छ । आसमान नेपालकी एडभोकेसी अफिसर गोमा सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा धनुषाका विभिन्न मिडियाका सञ्चारकर्मीहरुको उपपस्थिति रहेको थियो।

# अस्पताल निर्माणमा दबाब दिन हस्ताक्षर अभियान

**टुडे समाचारदाता**

राजविराज । अलपत्र छाडिएको सप्तरीको राजविराज नगरपालिका-१०बिरौलमारामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य सुरु गर्न माग गर्दै आन्दोलनरत युवाले हस्ताक्षर अभियान सुरु गरेका छन्।

सप्तरी युथ नेपालले दोस्रो चरणको आन्दोलन कार्यक्रमअन्तर्गत हस्ताक्षर अभियान सुरु गरेको हो। प्रतिष्ठान निर्माणका लागि दबाब दिन सप्तरी युथ नेपालद्वारा गठित आन्दोलन परिचालन समितिको अगुवाइमा सप्तरीको राजविराजमा सुरु गरिएको हस्ताक्षर अभियान आज तेस्रो दिन पनि जारी छ ।

दुई वर्षअघि शिलान्यास गरेर अलपत्र अवस्थामा छाडिएको सो प्रतिष्ठानको निर्माण कार्य सुरु गर्नुपर्ने मागसहित आन्दोलमा उत्रिका युवाले हस्ताक्षर अभियान सात दिनसम्म चलाउने आन्दोलन परिचालन समितिका संयोजक सत्येन्द्र यादवले बताए । हस्ताक्षर अभियानबाट पनि माग उपर सुनवाइ नभए तेस्रो चरणको आन्दोलनका थप कार्यक्रमहरु घोषणा गरिने आन्दोलन परिचालन समितिका संयोजक यादवले जानकारी दिए । प्रतिष्ठान निर्माणको काम अविलम्ब सुरु गर्न माग गर्दै युवाले यसअघि पहिलो चरणमा र्‍याली, सिट्टी जुलुस, धर्ना, दिउँसै टर्च बालेर प्रदर्शन लगायतका कार्यक्रम गरिसकेका छन् ।

प्रतिष्ठान निर्माण सुरु गर्न माग गर्दै विगत ५६ दिनदेखि सप्तरीको राजविराज नगरपालिका-१० बिरौलमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माणस्थलमा नै स्थानीयले रिले अनशनसलाई निरन्तरता दिइरहेका छन्। सरकारले अझै चासो नदेखाएको भन्दै युवाले पनि चरणबद्ध आन्दोलनका कार्यक्रम गर्दै सरकारमाथि दबाबको प्रयास थालेका हुन्। हस्ताक्षर अभियानको पहिलो दिन एक हजारभन्दा बढी र शुक्रबार तेस्रो दिनसम्ममा करिब चार हजार पाँच सय जनाले समर्थन जनाई ब्यानरमा हस्ताक्षर गरेको सप्तरी युथ नेपालका कार्यवाहक अध्यक्ष मोहनकुमार यादवले जानकारी दिए । सप्तरी युथ नेपालले यही मङ्सिर १० गते प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएर पहिलो चरणको आन्दोलन सुरु गरेको थियो।

# स्थानीय तहको साथले उत्साहित मटिहानीका किसान

**टुडे समाचारदाता**

महोत्तरी । खेती लगाउने बेला बीउ पाएपछि मटिहानी नगरपालिकाका गहुँ खेती गर्ने किसानलाई राहत मिलेको छ। खेती लगाउने बेला नगर कार्यपालिकाको कृषि शाखाले बीउको गहुँ उपलब्ध गराएपछि नगरक्षेत्रका किसानले राहत महसुस गरेका हुन्।

“खेतीका बेला बीउ, मल नपाएर हैरान भइन्थ्यो, पछिल्ला दुई/तीन वर्षदेखि समयमै पाइएको छ”, मटिहानी-९ सिमरदहीका किसान गोपाल मण्डलले भने, “यति सुविधाले पनि धेरै सजिलो महसुस गरेका छौं।” नगर कार्यपालिकाको कार्यालयले नगरक्षेत्रका नौ सय किसानलाई १० किलोग्राम उन्नत जातको गहुँको बीउ उपलब्ध गराइएको जनाएको छ। यो परिमाण करिब चार कठ्ठा जग्गालाई पुग्ने बीउ भएको कृषि शाखाका प्रमुख टङ्कप्रसाद उपाध्यायले बताए।

किसान मण्डलजस्तै सो बस्तीकै राजेश चौधरी, मटिहानी-५ का रामकुमार यादव र राजेश महतोले पनि समयमा गहुँको बीउ पाएपछि दुःखसुखमा



हेर्ने निकाय नगरपालिका रहेछ भन्ने पर्ने गरेको बताए। मटिहानी नगर कार्यपालिकाले आफ्नो क्षेत्रको कृषि उत्पादन बढाउन विभिन्न मौसमी बालीको समयमा बीउ, मलदेखि अन्य प्रविधिसमेत किसानलाई सुविधा दिँदै आएको जनाएको छ। “हाम्रो नगरको मुख्य आधार नै कृषि हो, त्यसैले विभिन्न बाली लगाइने बेला किसानका लागि खासखास प्याकेजको सहयोग गर्दै आएका छौं”, नगर प्रमुख हरिप्रसाद मण्डल भन्छन्।

नगर कार्यपालिकाको कार्यालयले पछिल्ला तीन/चार वर्षयता निरन्तर कृषि प्रवर्द्धनमा जोड दिँदै आएको किसानले बताएका छन् । धान, गहुँ र मौसमी तरकारीको बीउ समयमा पाउँदा निकै राहत मिलेको मटिहानी-५ का किसान नागेन्द्र यादव बताउछन् । नगर कार्यपालिकाको कार्यालयले यसअघि स्यालोट्युबवेल जडान गरी ३० किसानलाई मोटर पम्पसेट उपलब्ध गराएको थियो । यसले हलुका सिँचाइमा हुने बाली हुर्काउन सहज भएको किसानको भनाइ छ । “स्यालोट्युबवेल जडान र मोटर पम्पसेट भएपछि हलुका सिँचाइमा हुने बाली लगाइन पाइने भएको छ”, मटिहानी-२ का किसान जैश शेषले भने, “यतिले पनि गरेर खान बाटो दियो।”

नगरका नौवटै वडाका बस्तीमा वैकल्पिक सिँचाइ व्यवस्थाका लागि आवेदन गरेका किसानलाई स्यालोट्युबवेल जडान र मोटर पम्पसेट खरिदमा नगर कार्यपालिकाको कार्यालयले कूल लागतमा ८५ प्रतिशत र सम्बन्धित किसानले १५ प्रतिशत रकम लगाएका थिए । यसैगरी नगर कार्यपालिकाको कार्यालयले यसअघि फलफूल रोपण, मखान बजार व्यवस्थापन सहयोगी सामग्री, दाईं गर्ने यान्त्रिक उपकरण र कृषि ज्यावल किसानलाई उपलब्ध गराएको थियो ।नगर कार्यपालिकाको कार्यालयले पछिल्ला पाँच वर्षयता बर्सेनि मौसमअनुसार बाली लगाउन बीउ, कृषि ज्यावल, जैविक मलसहितका सामग्री दिँदै आएको छ। यो क्रमले आफूहरुजस्ता गरिब किसानलाई निकै राहत मिलेको मटिहानी-६ का मेराज अन्सारीको भनाइ छ।

# कुखुरा पालक किसान मारमा



**टुडे समाचारदाता**

बारा । कुखुराको मूल्यमा गिरावट आएपछि बाराका कुखुरा पालक किसानहरु मारमा परेका छन् । चल्ला ,दाना ,औषधि ,बिजुली र अन्य खर्चको मूल्य यथावत रहे पनि किसानले पालेको कुखुराको मूल्यमा भने कमी आएको छ। किसानले प्रति के.जि. ब्रोईलर कुखुरा १ सय ५० देखि १ सय ६० रुपैयाँसम्म खोरबाट बेच्न बाध्य भएको डुमरबानाका किसान मुक्ति के.सिले बताए । तर कुखुराको मासु प्रतिकिलो २ सय ५० देखि ३ सय २० रुपैयाँसम्म बजारमा पाइन्छ।

एक मासु पसलका संचालक सलमान अंसारीका अनुसार उपभोक्तालाई मासु बेच्दा २५ प्रतिशतसम्म मासुको रुपमा विक्री नहुने गरेका कारण सोचेको जस्तो मुनाफा नहुने गरेको जानकारी दिए।

यता बारा कुखुरा व्यवसायी संघका अध्यक्ष गोबिन्द पौडेलले सीमावर्ती क्षेत्रबाट भारतीय कुखुराको आयातका कारण नेपाली कुखुरापालक किसान थप मारमा परेको गुनासो गरे।

खुला सिमाना, राज्यको सही रणनीति र अनुदानको अभाव ,व्यवसायिक इमान्दारिता र केही बिचौलियाको कारण कुखुरा पालक किसान मर्कामा परेको जानकारी दिए। जिउँदो कुखुरा र मासुको मूल्य अन्तर किलोमा एक सय रुपैयाँसम्म हुनुपर्ने हो। तर न किसानले मूल्य पाए, न उपभोक्ताले सस्तो खान पाएका छन्।

# महिला कैदीबन्दीहरुलाई सेनेटरी प्याड वितरण

**टुडे समाचारदाता**

राजविराज। सप्तरी जिल्ला कारागार राजविराजका महिला कैदीबन्दीहरुलाई सेनेटरी प्याड वितरण गरिएको छ । शुक्रबार लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत १४औं दिन तथा ५औं अन्तर्राष्ट्रिय महिनावारी दिवसको अवसरमा शुक्रबार लैंगिक हिंसा नियन्त्रण जिल्ला सञ्जाल सप्तरीले महिला कैदीबन्दीहरुलाई सेनेटरी प्याड वितरण गरेको छ।




महिला सचेतना समाजकी अध्यक्ष सुनिता साहको अगुवाइमा राजविराज नगरपालिकाको कार्यवाहक नगरप्रमुख इसरत परविनको अग्रसरतामा सेनेटरी प्याड वितरण गरिएको छ।

सेनेटरी प्याड वितरणका साथै कारागारभित्र महिला कैदीबन्दीहरुको अवस्थाबारे पनि जानकारी लिएको समाजकी अध्यक्ष साहले बताइन। कार्यक्रममा महिला सचेतना समाज, सामुदायिक सेवा केन्द्र, पारा लिगल, नारी उत्थान, महिला सुरक्षा समूह, आसमान नेपाल, ओ.सि.एम.सि.ले सहयोगी भूमिका खेलेको थियो।

# जनकपुरधाममा सुविधा सम्पन्न मार्ट संचालनमा




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा सबै समान एकै ठाउमा पाउने गरी सुविधा सम्पन्न सेन्टर मार्ट प्राइभेट लिमिटेड सञ्चालनमा आएको छ।

जनकपुरधामको शिवचोक देखि कदम चोक जानेबाटोमा खुलेको मार्टमा दैनिक रुपमा प्रयोग हुने घरायसी सामग्री देखि लिएर विभिन्न कसमेटिक एवम इलेक्ट्रोनिक सामग्रीहरु एकै ठाउँमा पाउने व्यवस्था गरिएको छ । मार्टका संचालक रामकिशोर मण्डलका अनुसार विभिन्न सामानहरु खरिदका लागि पसल पसल जानुपर्ने झण्झटलाई मध्यनजर गर्दै भविष्यमा सबै समान एउटै ठाउँमा पाउने स्टोर आफ्नो धोको अनुसार नै आज देखि मार्ट सञ्चालनमा ल्याएको बताए।

एक करोड भन्दा बढी लगानीमो मार्ट सञ्चालन गरेको संचालक मण्डलले बताए।

# धनुषाको हुलाक बचत बैंकको रकम हिनामिना, बचतकर्ता मारमा

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला हुलाक कार्यालय धनुषाका करोडौं रकम हिनामिना भएपछि बचतकर्ताहरु मारमा परेका छन्। जिल्ला हुलाक कार्यालयका एक जना नासुले हुलाक बचत बैंकको रकम हिनामिना गरेको अभियोगमा जेल चलान भए पनि बचतकर्ताहरुले बचत गरेको रकम नपाउदाँ मारमा परेका छन्। जिल्ला हुलाक कार्यालय धनुषाका नासु सुनिल कुमार दासले हुलाक बचत बैंकको १ करोड २३ लाख ७७ हजार ९ सय ७५ रुपैयाँ रकम हिनामिना गरेको अभियोगमा यतिबेला महोत्तरीको जलेश्वर कारागारमा छन्।

जनकपुरधाम उपमहानगरपालिका १६ का ३५ वर्षीय नासु दासले हुलाक कार्यालय धनुषामा कार्यरत रहँदा हुलाक बचत बैंकको बचतकर्ताको १ करोड १६ लाख २१ हजार ७ सय ११ र हुलाक टिकट बेचे वापतको ७ लाख ५६ हजार २६४ गरी जम्म १ करोड २३ लाख ७७ हजार ९७५ रुपैयाँ लिएर फरार भएका थिए।



जिल्ला हुलाक कार्यालय धनुषाको प्रमुख जयचन्द्र साहका अनुसार नासु दासले रकम लिएर फरार भएपछि पीडितहरुले जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिएका थिए। सो उजुरीको आधारमा प्रहरीले नासु दासमाथि ठगी मुद्दा चलाएको थियो। मुद्दामा जिल्ला अदालत धनुषाले नासु दासलाई ३ लाख धरौटीमा छोडन आदेश गरेको थियो। तर उक्त रकम बुझाउन नसक्दा नासुलाई पुर्पक्षका लागि महोत्तरीको जलेश्वर कारागार पठाइएको थियो । संघीय सरकारले आर्थिक वर्ष २०८०/०८१ को बजेट भाषणमा हुलाक बचत बैंकलाई राष्ट्रिय वाणिज्य बैंकमा गाभ्न घोषणा गरेपछि कार्यालय प्रमुख साहले नासु दासलाई कागजात तयार गर्न आदेश दिएका थिए। तर नासुले विभिन्न बहाना बनाइ बचतकर्ताको बचत सम्बन्धी कागजात तयार नगरी आलटाल गर्दै आएका थिए। पछि कार्यालयका प्रमुख साहले अन्य कर्मचारीको सहयोग लिएर कागजात तयार गर्ने क्रममा नासु दासले रकम हिनामिना गरेको तथ्य फेला परेको थियो।

बचतकर्ताको रकमको बारेमा नासु दाससँग कुरा गर्दा उनी कार्यालय आउन छोडेर फरार भएका थिए। त्यसपछि बचतकर्ताहरुले जिल्ला जिल्ला प्रहरी कार्यालय धनुषामा नासु दासविरुद्ध ठगीको उजुरी दिएपछि प्रहरीले उनलाई पक्राउ गरी ठगी मुद्दा चलाएको थियो।

यता, जिल्ला हुलाक कार्यालय धनुषाले दासले बचतकर्ताको रकम हिनामिना गरेको भन्दै मंसिर १० गते बर्दिवासस्थित अख्तियार दुरुपयोग अनुसन्धानमा पत्र लेखि कारबाहीको माग गरेको सूचना अधिकारी निरसन साहले जानकारी दिए।

धनुषाको हुलाक बचत बैंकमा १ हजार ६४ जना बचतकर्ता रहेकोमा दासले १३० जना बचतकर्ताको रकम हिनामिना गर्नुको साथै उनीहरुको अभिलेखसमेत गायव गरेको उनले बताए। अहिले बैंकमा बचतकर्ताको १३ लाख रुपैयाँ मात्र मौज्दात रहेको उनले बताए । बचतकर्ताको रकम कसरी उपलब्ध गराउने विषयमा मन्त्रालयसँग समन्वय भइरहेको उनले बताए।

# १४ किलो सुन प्रकरणको छानबिन गर्न समिति

**टुडे समाचारदाता**

काठमाण्डु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट गएराति बरामद गरिएको करिब १४ किलो सुन छानबिन गर्न भन्सार विभागले शुक्रबार ६ सदस्यीय छानबिन समिति गठन गरेको छ।

त्रिभुवन विमानस्थल भन्सार कार्यालय प्रमुख भन्सार अधिकृत मणिराम पौडेलको नेतृत्वमा उक्त समिति गठन गरिएको प्रमुख भन्सार प्रशासक डा टोकराज पाण्डेले जानकारी दिए। उनका अनुसार उक्त समितिमा प्रहरी नायब उपरीक्षक प्रकाश सुवेदी, भन्सार अधिकृत डिल्लुप्रसाद शर्मा, भन्सार अधिकृत प्रकाश निरौला, शाखा अधिकृत मञ्जु थापा र भन्सार अधिकृत लोकराज ढुङगाना समेत रहेका छन्।

फ्लाई दुबईको उडान नम्बर एफजेड-५७३ बाट गएराति ११:४० बजे काठमाडौं उत्रेका गोरखाका चन्द्र घलेलाई विशेष सुराकीका आधारमा करिब १४ किलो परिमाणको सुनसहित भन्सार विभागको टोलीले पक्राउ गरेको थियो । चन्द्र घले र उक्त कार्यमा संलग्न गोरखा बारपाकका मीनबहादुर घलेलाई समेत प्रहरीले पक्राउ गरेको छ।

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. ८ स्थित महरा सागर पोखरीको उत्तरवारी डिलबाट मिति २०८०/०७/२४ गते करिब बेलुकी ०८:०० बजे प्र.२०२००३ प ६५८९ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DKXCLG39598 चेचिस नम्बर MD2A13EX7LCG85221 को बजाज कम्पनीको Pulser 220 cc रहोको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः राम विहारी यादव**
**ठेगानाः औरही गा.पा.-१, पौडेश्वर**
**मो. नं. ९८१५८८२७७५**

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : नयाँ कार्य हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाही जिल्लाको उत्तरी चुरे क्षेत्रमा लालबन्दी नगरपालिका-१४, अन्तर्गत पर्ने पथरकोटमा लगाएको गाँजा खेती फडानी गर्दै सुरक्षाकर्मी । तस्बिर : विश्वनाथ ठाकुर/रासस

# संघिय सरकारले नै संघीयता कमजोर पार्ने काम गरिरहेको छ : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

बारा । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले संघीय सरकारले नै संघीयता कमजोर पार्ने काम गरिरहेको आरोप लगाएका छन् । बारागढी गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवनको उद्घाटन गर्दै मुख्यमन्त्री यादवले नेपालमा संघीयता आएको ८ वर्ष वितिसक्दा पनि प्रदेश सरकारको करिब ६ वर्षमा प्रवेश गर्दा प्रदेशको अधिकार संघ सरकारले नै च्यापेर राखेको हुँदा कामकाज गर्न निकै अप्ठयारो हुने गरेको बताए ।

प्रशासन र कर्मचारीहरु अहिले पनि प्रदेश सरकारको मातहतमा नदिइ संघमार्फत नै संचालन गर्ने गरेको हुँदा प्रदेशका कामकाजमा समस्या सृजना भइ जनताको कामकाज तथा विकास प्रभावकारी रुपमा संचालन गर्न नसकेको उनले बताए । कर्मचारी समायोजन गर्न प्रधानमन्त्री पुष्प कमल दाहाललाई पटक पटाक भन्दा पनि समायोजन नगरेको गुनासो गर्दै मुख्यमन्त्री यादवले संघीयताको रक्षा गर्न सबै राजनीतिक दलहरुको सहमतिमा सर्वसहमतिले सदनमा संकल्प प्रस्ताव पारित गरेको जानकारी दिए ।

प्रधानमन्त्री दाहालसंग संसदमा भएका सबै दलका संस्दीय दलका नेताहरुले मंसिर २३ गते बालुवाटारमा निर्णायक वार्ता गर्ने जनाउँदै मुख्यमन्त्री यादवले सन्तोषजनक रुपमा प्रधानमन्त्रीको कुरा नआए सिंह दरबारमा नै धर्ना बसी आन्दोलनको घोषणा गर्ने चेतावनी समेत दिए ।



सरकारलाई थप दबाब दिनका लागि प्रदेशका ८ वटा जिल्लाको सदरमुकाममा सबै राजनीतिक दलहरुको नेताहरुले धर्ना दिइ प्रदेश सरकारले माग गरेको कर्मचारी संमयोजन, प्रहरी ऐनलाई कार्यन्वयन गर्नमा सहयोग गर्न आग्रहसमेत गरेका थिए । कार्यक्रममा संघीय सांसद अच्युत मैनालीले विकासको काममा सबै राजनीतिक दलहरु मिलेर अगाडि बढ्न आग्रह गरे । कार्यक्रममा प्रदेश सांसद त्रिलोकी चौधरी, निवर्तमान साँसद उषादेवी यादव, कलैया उपमहानगरपालिकाका नगर प्रमुख विनोद साह, जसपाका नेता रामकिशोर यादव, दयाशंकर राय, एमाले नेता वृजकिशोर चौधरी काँग्रेस नेता कृपाल चौधरी, जसपाका नेता हरिनारायण साहलगायतले आफ्नो विचार व्यक्त गरेका थिए ।

# स्वास्तिक लघुवित्तद्धारा वित्तीय साक्षरता कार्यक्रम

**टुडे समाचारदाता**

लहान । स्वस्तिक लघुवित्तको भोटियाटोल शाखाले वित्तीय साक्षरता कार्यक्रम संचालन गरेको छ । शुक्रबार लहानस्थित जे.एस.मुरारका बहुमुखी क्याम्पसमा अध्ययनरत स्नातक तहका विद्यार्थीहरुको सहभागितामा वित्तीय साक्षरता तालिम प्रदान गरिएको कम्पनीले जनाएको छ ।




कार्यक्रममा सोही क्याम्पसका सहायक प्रमुख सजन कुमार साह तथा स्वस्तिक लघुवित्तका विभागीय प्रमुखहरु भगवानी साह, सन्तोष कुमार साह र रमेश लाल कर्णको उपस्थिति रहेको भोटियाटोल शाखाका शाखा प्रमुख स्वतन्त्र कुमार सिंहले जानकारी दिए । धनिवर्गीय परिवारको जीवन शैलीसँग प्रभावित भइ मध्यमवर्गीय परिवारले पनि आफनो जीवनमा अनावश्यक खर्चहरु गर्न थाल्दा के कस्ता वित्तीय समस्याहरु पर्छ साथै आफ्नो जीवनमा वित्तीय व्यवस्थापन कसरी गर्ने, बैंक तथा वित्तीय संस्थाहरुसँग आर्थिक कारोबार कसरी गर्ने, कर्जाको किस्ता समयमा भुक्तानी नगर्दा परिवारमा के कस्ता समस्याहरु पर्छ जस्ता विषयवस्तुमा आधारित भइ ७० जना भन्दा बढी विद्यार्थीहरुको उपस्थितिमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिएको जनाइएको छ ।

# आलु, प्याज र स्याउमा भ्याट नलाग्ने

**टुडे समाचारदाता**

काठमाण्डु । आन्तरिक राजस्व विभागले नेपालमै उत्पादन भएका आलु, प्याज, स्याउलगायत उत्पादनमा मूल्य अभिवृद्धि कर (भ्याट) नलाग्ने स्पष्ट पारेको छ । विगतमा भ्याट छुट दिइँदै आएका केही वस्तुमा चालु आर्थिक वर्षको बजेटमार्फत् सरकारले उक्त छुट सुविधा कटौती गरेको थियो ।

सरकारले आयातित आलु, प्याजमा मात्रै भ्याट छुट खारेज गरेको बताए पनि आन्तरिक उत्पादनमासमेत भ्याट लाग्न थालेको भन्दै कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका व्यापारी विरोधमा छन् । विरोधस्वरुप कालीमाटीका होलसेल व्यापारीले आलु, प्याजको आयात तथा बिक्री रोकेपछि बजारमा अभाव र चर्को मूल्यवृद्धि देखिएको छ । तर आन्तरिक राजस्व विभागले भने शुक्रबार एक सूचना जारी गर्दै आन्तरिक उत्पादनमा भ्याट नलाग्ने स्पष्ट पारेको छ ।

"आलु प्याजलगायत नेपालमा उत्पादन हुने कृषिजन्य वस्तुमा मूल्य अभिवृद्धि कर (भ्याट) लागेकाले बजारमा सहज आपूर्ति हुन नसकेको भन्ने विभिन्न सञ्चार माध्यममा आएका समाचारप्रति यस विभागको ध्यानाकर्षण भएको छ", विभागको सूचनामा भनिएको छ, ।

# महिलाविरुद्धका हिंसा रोक्न सचेतना कार्यक्रम व्यापक बनाउनुपर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले महिलाविरुद्धका हिंसा उन्मूलन गर्न देशभर सचेतना कार्यक्रम व्यापक बनाउनुपर्ने बताएका छन् ।



लैङ्गिक हिंसाविरुद्धको अन्तर्राष्ट्रिय १६ दिने अभियानको अवसरमा सञ्चारिक समूह र कोसिस नेपालको संयुक्त आयोजनामा 'मानसिक स्वास्थ्य र महिला हिंसा'सम्बन्धी छलफलमा मन्त्री आचार्यले सबै क्षेत्रका महिलालाई आफ्ना हक, अधिकारबारे अवगत गराई महिलाविरुद्धका हिंसा उन्मुलन गर्ने जागृतिका कार्यक्रम व्यापक बनाउनुपर्नेमा जोड दिएका हुन् ।

"नेपालको संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था भए पनि सोहीअनुरुप कार्यान्वयन हुन सकेको छैन । अहिले पनि लैङ्गिक हिंसा रोकिएको छैन" उनले भने, "जतिसुकै कानुनी व्यवस्था भए तापनि सचेतनाका कार्यक्रम बृहत् नगरेसम्म अवस्था यस्तै रहन्छ । सबै क्षेत्रका महिलालाई आफ्ना हक, अधिकारबारे अवगत गराई महिलाविरुद्धका हिंसा उन्मूलन गर्न सबैको सहकार्यमा जनचेतनाका कार्यक्रम व्यापक बनाउनुपर्छ", उनले भने ।

मन्त्री आचर्यिले संविधानले परिकल्पना गरेको समतामूलक समाज निर्माण गर्न समाजका हुने महिला हिंसाविरुद्धका विकृति विसङ्गतिलाई नहटाउनुपर्नेमा उनले बताए । "संविधान, कानुनमा भएका व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन नहुँदा समाजमा दाइजो प्रथा, यौन दुर्व्यवहार, अमानवीय व्यवहारलगायत महिलामाथि हुने हिंसा अझै व्याप्त छन् ।

समाजमा हुने महिला हिंसाविरुद्धका विकृति विसङ्गतिलाई नहटाएसम्म संविधानले परिकल्पना गरेको समतामूलक समाज निर्माण गर्न सम्भव छैन", उनले बताए ।

महिला हिंसाविरुद्धको गतिविधि उन्मुलन गर्न लैङ्गिक हिंसाविरुद्धको अन्तर्राष्ट्रिय १६ दिने अभियानमा पुरुषको सहभागिता सुनिश्चित गर्नुपर्ने र महिलालाई आर्थिक रुपान्तरणमा सबल बनाउन महिला सशक्तीकरण गर्न जरुरी भएको उनले बताए ।

सञ्चारिक समूहकी अध्यक्ष विमला तुम्खेवाले पत्रकारिता क्षेत्रका निर्णायक तहमा महिला सहभागिताको आवश्यकता रहेको बताईन् ।

# शिक्षित हुने सपना पछ्याउँदै विद्यालयमा पाका महिला

**टुडे समाचारदाता**

काठमाण्डु । समाजमा शिक्षित कहलिनु पनि कसैका लागि ठूलो सपना हुन्छ । विभिन्न कारणले पढ्न नपाउने र पढाइ पूरा गर्न नभ्याउनेका लागि यही सपना साकार बनाउन सहयोगी बनेको छ, ललितपुर सातदोबाटोस्थित 'प्रेरणा महिला माध्यमिक विद्यालय' ।

जहाँ शिक्षित हुने सपना पूरा गर्दै छिन्, ७१ वर्षीया इन्द्रमाया आलेमगर । बुढेसकालमा झोला भरी पुस्तक, कापी र कलम बोकेर दिनहुँ विद्यालय पुग्नु उनको दैनिकी बनेको छ । कक्षा ११ मा पढ्दै गरेकि इन्द्रमाया यस विद्यालयमा कक्षा १ देखि नै अध्ययनरत छिन् ।

विद्यालय तेह्र वर्षभन्दा माथि उमेर समूहका महिलालाई लक्षित गरी स्थापना भएको हो । विद्यालयकी प्रधानाध्यापक प्रभा चालिसेका नजरमा इन्द्रमाया मेहनती र लगनशील छिन् । "यो उमेरमा पनि पढाइप्रतिको उनको लगाव लोभलाग्दो छ । एकदमै मेहनती र लगनशील पनि छिन्, सबै विषयमा प्रायः विशिष्ट श्रेणी ल्याउछिन् । कति पटक त उनलाई कक्षा 'जम्प' गराएका छौँ", चालिसेले भनिन् । इन्द्रमायालाई विद्यार्थी, शिक्षक र कर्मचारी सबैले आदरले आमा भनि सम्बोधन गर्छन् ।

इन्द्रमायाले पढ्ने र शिक्षित हुने धोको सानैदेखि कै भए पनि विभिन्न कारणले पढ्न नपाएको सुनाईन् । शिक्षित हुँदा समाजमा सम्मानित भएर बाँच्न पाइने लोभमा कक्षा १ मा विद्यालयमा भर्ना भएको उनको भनाइ छ । विद्यालयमा रोल्पाकी कुमारी महराले पढ्ने रहर पूरा गरिरहेकि छन् । तत्कालीन द्वन्द्वको समयमा पढाइबीचमै छाड्केी उनले यतिबेला यस विद्यालयमार्फत पढाइ अगाडि बढाएकी छन् । "द्वन्द्व सकिँदासम्म पढ्ने उमेर घर्किसकेको थियो, आफूभन्दा सानासँग बसेर पढ्न मन लागेन", उनले भनीन्, "त्यो बेला छाडेको पढाइले यो विद्यालयका कारण अहिले निरन्तरता पाएको छ ।"

विद्यालयकी प्रधानाध्यापक चालिसेका शब्दमा कुमारी पढ्नमा जेहेन्दार थिईन् । उनले एसइई प्रथम श्रेणीमा उत्तीर्ण गरेपछि अहिले पद्मकन्या क्याम्पसबाट अङ्ग्रेजी विषयमा स्नातकोत्तरको पढाइ पूरा गरिसकेकी छन् । कुमारी अहिले मानवअधिकार आयोगमा अधिकृत पदमा जागिरे छिन् । इन्द्रमाया र कुमारीले जस्तै शिक्षित बन्ने सपना पछ्याउँदै विद्यालयमा आउने महिलाको सङ्ख्या ठूलो रहेको प्रधानाध्यापक चालिसेको भनाइ छ ।

काठमाडौँ तीनकुनेस्थित उत्प्रेरणा महिला माध्यमिक विद्यालयकी प्रधानाध्यापक सुमित्रा मैनालीले विद्यालयमा आउने महिलामा पढाइप्रतिको लगाव निकै ठूलो देखिने गरेको बताईन् । "भर्ना हुन आउने धेरै महिलामा कुनै इखले काम गरेजस्तो लाग्छ । कसैलाई पढाइ छुटेको पीडा छ त कसैलाई छोराछोरीले लगाएको बचनले काम गरेजस्तो लाग्छ", उनले भनीन्, "महिला साक्षर होइन कि शिक्षित बन्नुपर्छ भन्ने भावनाका साथ हामी अगाडि बढिरहेका छौँ ।"

गठ्ठाघरस्थित आस्था महिला विद्यालयकी संस्थापक प्रधानाध्यापक पार्वती ज्ञवालीले 'अधुरो शिक्षा पुरा गरौँ, आत्मनिर्भर बनौँ' भन्ने नाराका साथ ओझेलमा परेका महिलालाई शिक्षाको मूलधारमा ल्याउने प्रयास जारी रहेको बताईन् ।

**बैंकको काम र प्रविधि सिक्न विद्यालयसम्म**

प्रेरणा विद्यालयकी प्रधानाध्यापक चालिसेका अनुसार परिवारका सबै सदस्यलाई कार्यालय र विद्यालय पठाएर दिउँसोको खाली समय सदुपयोग गर्दै छुटेको पढाइ निरन्तरता दिने महिलाको सङ्ख्या ठूलो छ । "उनीहरुमध्ये कतिपयका छोराछोरी विदेशमा छिन्, विदेशमा बसेकासँग कुराकानी गर्न समस्या भयो, मोबाइलका एपहरु चलाउन र इन्टरनेटमा खोज्न पनि जान्नुपर्ने भयो", उनले भनिन्, "यी सबै आवश्यकताले उहाँहरुलाई विद्यालयसम्म ल्याएको हो भन्ने चिन्तामुक्त भएको बताउछिन्", चालिसेले भनीन्, "दिनहुँ विद्यालय आएपछि पनि कतिपयले रोग र तनाव कम भएको सुनाउछिन् ।"

त्यति मात्रै होइन, रोजगारीका लागि, जागिरे महिला बढुवाका लागि पनि यहाँ विद्यालयमा आउने गरेको प्रधानाध्यापक चालिसेको भनाइ छ । उनको विद्यालयमा हाल १३ वर्षदेखि ७१ वर्ष उमेर समूहका पाँच सयभन्दा बढी महिला विद्यार्थी छिन् ।

सातदोबाटोस्थित प्रेरणा महिला विद्यालयले हालै स्थापनाको रजत जयन्ती मनाएको छ । प्रेरणा प्रथम महिला विद्यालयका रुपमा स्थापना भए पनि हाल उपत्यकामा यस्ता विद्यालयको सङ्ख्या सात पुगेको छ । साथै बुटबल, तनहुँलगायतका जिल्लामा पनि यस्ता विद्यालय विस्तार भइरहेका छन् ।

पच्चिस वर्षअघि र अहिलेको समय धेरै अन्तर आएको प्रधानाध्यापक चालिसेको अनुवभ छ । "पहिले नपढेका महिलाको सङ्ख्या देशभरी नै धेरै महिलाको रहरले उहाँहरुलाई महिला विद्यालय स्थापनाका लागि घच्घचाएको थियो ।

त्यो बेला सरकारले सञ्चालन गरेको सामुदायिक विद्यालय प्रशस्त थिए । निजी विद्यालय पनि थिए । तर उमेर पुगेका महिलालाई साना बालबालिकासँग बसेर पढ्न अप्ठेरो र सङ्कोच महसुस हुन्थ्यो । त्यही भएर पढ्न जान सकेका थिएन ।

प्रधानाध्यापक चालिसे भन्छिन्, "त्यही बेला महिलाका लागि छुट्टै विद्यालय खोलौँ भन्ने लागेको हो । त्यसका जिल्ला शिक्षा कार्यालय ललितपुरका जिल्ला शिक्षा अधिकारीसँग सल्लाह गरेर विद्यालयका लागि स्वीकृति माग्यौँ । शिक्षा अधिकारीले, शिक्षा नियमावलीमा १४ वर्षभन्दा माथिका महिलालाई भनेर पढ्नका लागि कुनै पनि प्रावधान वा नीति नियम नबनेको बताईन् । तर हाम्रो ठूलो आग्रहपछि एउटा विनियम बनाएर स्वीकृति दिईन् ।"

सुरुमा उनीहरुले कक्षा ६ देखि १० कक्षासम्म सञ्चालन गरे । "हामी चारै जनाले रु ५० हजारका दरले रु दुई लाख लगानी गऱ्यौ । सुरुमा घर, कारखाना, गार्मेन्ट, बस स्ट्यान्डसम्म पुगेर महिलालाई पढ्नका लागि आग्रह गर्दै विद्यार्थी खोज्यौँ", उनले भनिन् ।

विद्यालयमा पहिलो वर्षमा २७ जना विद्यार्थी भर्ना भएका थिए । तर दोस्रो वर्षमा आइपुग्दा यो सङ्ख्या सातमा सीमित भयो । पछि कक्षा १ देखि नै पढाउन सुरु गरेपछि विद्यालय बढ्न थालेको उहाँको भनाइ छ । तर २०६२/६३ मा विद्यार्थी यति धेरै सङ्ख्यामा आए कि विद्यालयलाई थेग्नै समस्या हुने अवस्था आयो । "त्यतिबेला विद्यार्थी सङ्ख्या सात सय पुगेको थियो । २०६२ पछि द्वन्द्व प्रभावित विद्यार्थी धेरै आएका थिए", उनले भने ।

अहिले पनि विद्यालयमा ७७ जिल्लाकै विद्यार्थी अध्ययनरत छन् । चालिसेका अनुसार २०७२ सालको भुँइचालोपछि विद्यार्थीहरु घटेका थिए तर पछि कतिले पुनः पढाइ सुरु गरे ।प्रेरणा माध्यमिक विद्यालयबाट पहिलो एसएलसीको ब्याच २०५९ सालमा उत्तीर्ण गरेको हो । हालसम्म विद्यालयबाट पाँच सय २२ जनाले कक्ष १० उत्तीर्ण गरिसकेका छन् । विद्यालय सञ्चालन भएको तीन वर्षभित्र नै कक्षा १ देखि ५ सम्म थपियो । हाल १ कक्षादेखि १२ सम्मका कक्षा सञ्चालन भइरहेका छन् । संस्थापक प्रमिला शर्मा अहिले पनि शिक्षक छिन् र उनले विद्यालयको दिउँसोको सिफ्टको जिम्मेवारी सम्हाल्छिन् ।

**छैन सजिलो पढाउन**

प्रधानाध्यापक चालिसेको अनुसार पाको उमेरका महिलालाई पढाउन निकै गाह्रो छ । "बालबालिका एक/दुई पटक भनेपछि प्रायः टिप्छन् तर बढी उमेरमा बारम्बार अभ्यास गराउनुपर्छ । उनीहरुलाई पढाउन झर्को नमानी पढाउनुपर्छ", उनले भने । उनले महिला विद्यालयका शिक्षकका लागि सरकारले तालिमसमेत दिएको बताए ।

विद्यालयमा सबै विषयका विषय शिक्षक छन् । विद्यार्थीबाट उठेको शुल्कबाट नै विद्यालय सञ्चालन भइरहेको चालिसे बताउछनर । यसका साथै जिल्ला शिक्षा कार्यालयबाट अनौपचारिक शिक्षाका नाममा केही रकम विनियोजन हुने गरेको छ ।

**पाठ्यपुस्तक नै समस्या**



लाग्छ ।"

केही त अङ्ग्रेजी सिक्ने उद्देश्यले पनि आउने गरेको उनको अनुभव छ । बैंकको काम गर्न, भौचर र चेक भर्न पनि समस्या हुने र अन्य प्रविधि नजान्दा पछि परिने समस्या धेरैको भएको उनको भनाइ छ । "उनीहरुको आवश्यकतालाई ध्यान दिएर विद्यालयले कम्प्युटर शिक्षामा जोड दिएको छ, यसले उहाँहरुलाई प्रविधिबारे जान्न सहयोग गरेको छ", उनले भनीन्, "विद्यालयमा प्रोजेक्ट वर्क, साइन्स ल्याब पनि छन् । अङ्ग्रेजी र गणितलगायतका सबै विषय पनि व्यवहारिक पद्धतिबाटै पठनपाठन हुँदै आएको छ ।"

**विद्यालय जहाँ स्वास्थ्य पनि शिक्षा पनि**

बढ्दो उमेरको महिलामा विभिन्न प्रकारका शारीरिक समस्या आउँछन् । तनाव र थकान हुनु स्वभाविक पनि हो । त्यही भएर उनीहरुलाई बेलाबेला शैक्षिक भ्रमणमा लैजाने गरिएको प्रधानाध्यापक चालिसेको भनाइ छ । "भक्तपुर, चाँगुनारायण, विभिन्न सङ्ग्रहालयमा लगेर त्यसबारे जानकारी लिन पाउँदा उनीहरु निकै खुशी छिन् । यसबाट उनीहरु थियो, तर यो सङ्ख्या दुर्गमका जिल्लामा बढी छ", उनले भनीन्, "कम उमेरका विद्यार्थी प्रायः बाहिर जिल्लाका छन भने पाको उमेरका महिलाको सङ्ख्या सहरी क्षेत्रमा अझै पनि छ ।" विद्यालयमा बिहान र दिउँसो गरी दुई सिफ्टमा अध्यापन भइरहेको छ ।

**पहिलो महिला विद्यालयको स्थापना**

महिला विद्यालयको स्थापना पछाडि चार जना महिलाको योगदान छ । तत्कालीन समयमा हालकी प्रधानाध्यापक प्रभा चालिसेका साथमा राधा तिमिल्सिना, जनक चालिसे र प्रमिला शर्मा संस्थापक छिन् । उनीहरुको परिकल्पनाकै कारण मुलुकमा पहिलोपटक महिला विद्यालयको स्थापना भएको थियो । जसको उद्देश्य विद्यालय शिक्षाभन्दा टाढा रहेका महिलालाई प्रौढ शिक्षाभन्दा पनि विद्यालय शिक्षा दिएर सक्षम बनाउनु थियो ।

सामाजिक कामा रुचि राख्ने उहाँहरु विभिन्न कार्यक्रममा जाँदा एक कक्षा पनि नपढेका, पढाइ छुटेका महिलासँग भेटथ्यो । जसको पढ्ने रहर पनि थियो । कतिपय त कक्षा १० मात्रै गर्न पाए हुन्थ्यो भन्ने पनि भेटिए । तिनै

प्रायः महिला विद्यालयको गुनासो पाठ्यपुस्तक विद्यार्थी केन्द्रित नभएको हुने गरेको छ । प्रधानाध्यापक चालिसेले भनीन्, "सबैभन्दा अप्ठ्यारो पाठ्यपुस्तकले पारिरहेको छ । कक्षा १ मा 'ताराबाजी लैलै' पाठ पाका मान्छेलाई पढाउनुपरेको छ । पाका उमेरका महिलाका लागि लक्षित गरी सरकारले छुट्टै पाठ्यपुस्तक व्यवस्था गरिदिनुपर्छ । गणित, अंग्रेजीलगायतका विषयमा यही समस्या छ", उनले भनिन् ।

आस्था महिला विद्यालयकी संस्थापक पार्वती ज्ञवाली भन्छिन्, "पाठ्यपुस्तक पाका महिलाका लागि उपयुक्त छैन । बालबालिकाको पढ्ने उमेर, क्षमता र मनोविज्ञानलाई ध्यानमा रखेर बनाइएको पाठ्यपुस्तकले महिलालाई पढाउनुपरेको छ ।"

**पूर्वविद्यार्थी जो समाजमै उदाहरणीय छन्**

विभिन्न महिला विद्यालयबाट पढाइ पूरा गरेका पूर्वविद्यार्थी यतिबेला समाजका लागि उदाहरणीय बनेका छन् । प्रेरणा माध्यमिक विद्यालया एसइई उत्तीर्ण गरेकी विष्णु थापा अहिले स्नातकोत्तर र एलएलबीसम्मको अध्ययन पूरा गरी सेवारत छिन् ।

# फिल्मबाट ५ वर्ष किन टाढिएकी थिइन् करिश्मा ?




काठमाण्डु । करिश्मा श्रेष्ठ आफ्नो अभिनयले भन्दा प्रेम र ब्रेकअपका कारण ‘लाइमलाइट’मा रहेकी अभिनेत्री हुन् । अभिनेता सलोन बस्नेतसँग उनको प्रेम र ब्रेकअप कुनै बेला सुपरहिट थियो । तर, दुवैले अभिनय गरेका तीन फिल्म भने व्यावसायिक रुपमा सफल भएनन् । फिल्म ‘बाबु कान्छा’ रिलिजपछि उनको सलोनसँग ब्रेकअप भयो । यसपछि उनको फिल्मसँग पनि ब्रेकअपजस्तै देखिएको थियो ।

५ वर्ष गुमनामझैँ देखिएकी उनी अहिले एकाएक चर्चामा छिन् । त्यसको कारण प्रेम सम्बन्ध नभइ, फिल्म हो । उनले ‘मायावी’बाट पुनरागमन गरेकी छन् । एक हप्ताअघि उनले पोखरामा यो फिल्मको छायांकन भ्याइसकेकी छन् । यसलगत्तै उनी नयाँ फिल्ममा आबद्ध भएकी छन् । उनको अभिनय रहने फिल्म ‘११ः५५’को बिहीबार राजधानीमा एक कार्यक्रमका बीच निर्माण घोषणा गरियो ।

सलोनसँग ब्रेकअपछि उनले फिल्म पाउन छाडेको चर्चा चलेको थियो । तर, उनी यसलाई ठाडै नकार्छिन् । अझ राम्रो तयारी गर्न र अध्ययनले गर्दा पनि केही समय फिल्म गर्न नपाएको उनी बताउँछिन् । आफूले राम्रो कथावस्तु कुरेर बसेकाले पनि कमब्याकका लागि ढिलाई भएको उनको जिकिर छ । तर, सलोनसँग टाढिएकै कारणले फिल्म नपाएको भन्ने कुरा मान्न भने उनी तयार छैनन् ।

‘११ः५५’को घोषणामा पत्रकारसँगको कुराकानीमा उनले भनेकी छन्, ‘सलोनजीसँग टाढिएपछि म हराए भन्ने धेरैलाई लागेको होला । तर, त्यस्तो केही पनि हैन । त्यो कुराले मलाई असर गरेको छैन ।’ उनले सलोन पिता बन्न लागेको खबरले आफू खुसी रहेको पनि बताएकी छन् । उनले बधाई समेत दिएकी छन् । सलोनसँग उनले ‘एउटा साथी’, ‘लभ सब’ र ‘बाबु कान्छा’ मा काम गरेकी थिइन्

# ऋतिकको ‘फाइटर’ टिजरमा एरियल एक्सन




मुम्बई । ‘पठान’ फेम्ड निर्देशक सिद्धार्थ आनन्दद्वारा निर्देशित नयाँ फिल्म ‘फाइटर’को टिजर सार्वजनिक गरिएको छ । १ मिनेट १३ सेकेण्ड लम्बाईको टिजरमा फाइटर जेट्सको एरियल एक्सन देखाइएको छ । टिजरमा समावेश हरेक एक दृश्यले रोमाञ्चक बनाउँछन् । ब्याकग्राउन्ड स्कोर सशक्त छ । टिजरमा कुनै कलाकारको संवाद भने राखिएको छैन । यो फिल्म २५० करोड भारुमा बनेको हो ।

फिल्ममा ऋतिक रोशन, अनिल कपूर र दीपिका पादुकोण केन्द्रिय भूमिकामा छन् । टिजरमा पनि उनीहरु नै प्रस्तुत छन् । ऋतिक र दीपिका स्क्वाड्रन लीडर बनेका छन् भने अनिल ग्रुप क्याप्टेन शमशेर पठानियाको भूमिकामा छन् । भारतको स्वतन्त्रता दिवसको अवसर पारेर २०२४ को २५ जनवरीदेखि फिल्म प्रदर्शनमा आउँदैछ । टिजरले नै दर्शकमा फिल्मको पखाई अधैर्य बनाउन सक्छ ।

फिल्मको कथा फाइटर जेट्सको वरिपरि घुम्छ । निर्देशक आनन्दले ‘वार’को बेलामा यो विषयमा फिल्म बनाउनेबारे सोचेका थिए । ‘फाइटर’लाई भारतको पहिलो एरियल एक्सन फिल्म भनिएको छ ।

यसको अरु श्रृंखला पनि निर्माण गरिँदैछ । करण सिंह ग्रोवर, अक्षय ओबेरायको पनि महत्त्वपूर्ण भूमिका रहेको यो फिल्मले भारतीय बक्स अफिसमा आक्रामक कमाई गर्ने प्रक्षेपण गरिएको छ ।

# अर्को वर्षको जेठ १८ मा दयाहाङको ‘गाउँ आएको बाटो’




काठमाण्डु । नबीन सुब्बाले ६ वर्षपछि निर्देशनमा कमब्याक गरेको फिल्म ‘गाउँ आएको बाटो’को प्रदर्शन मिति घोषणा गरिएको छ । शुक्रबार एक पोस्टरमार्फत् अर्को वर्षको जेठ १८ गतेलाई फिल्मको प्रदर्शन मिति घोषणा गरिएको हो । पोस्टरमा अभिनेता दयाहाङ राई र बाल कलाकार प्रशान राई फिचरिङ छन् । एक गाडीको दृश्य समेत समेटिएको पोस्टरले बाबु-छोराको सम्बन्धलाई दर्शाएको छ ।

भोजपुरको ग्रामिण क्षेत्रमा छायांकन भएको फिल्ममा दयाहाङको श्रीमतीको भूमिकामा अभिनेत्री पशुपति राई छिन् । खानुमा राई, केशव राई, प्रमिशा राई, प्रेम सुब्बा लगायतको पनि फिल्ममा मुख्य भूमिका छ । अमेरिकी छायाँकार मार्किन कापरोनले फिल्मको छायांकन गरेका हुन् । भोजपुरको गाउँमा सडक र गाडी पुगेपछिको एउटा परिवारको कथामा आधारित भएर फिल्म बनेको छ ।

महेश राई र निर्देशक सुब्बाको स्क्रिप्ट लेखन रहेको फिल्मको निर्मातामा अमोद राई र निर्देशक सुब्बा छन् भने सञ्जु राई, देवराज राई, नरहाङ राई र भीम राई कार्यकारी निर्मातामा रहेका छन् । ‘गाउँ आएको बाटो’ टोरोन्टो इन्टरनेशनल फिल्म फेस्टिभल, बुसन इन्टरनेशनल फिल्म फेस्टिभल आदिमा प्रदर्शन भैसकेको छ । निर्देशक सुब्बाले यसअघि ‘नुमाफुङ’बाट वाहवाही कमाएका थिए ।

# फिल्म निर्देशनको तयारीमा गोपाल नेपाल ‘फिस्टे’



काठमाण्डु । कुनै बेला ‘जीरे खुर्सानी’ हास्य सिरियलमा ट्राफिक हवल्दार बनेर ‘नियम कडा छ’ भन्दै बोल्ने संवादकै कारण चर्चित बनेका गोपाल नेपाल ‘फिस्टे’ले विगत एक दशकदेखि अमेरिकालाई कर्मथलो बनाएका छन् । सिरियलमा गाडी रोकेर चेकजाँच गर्ने प्रहरी बनेका उनी अमेरिकामा भने गाडीको चालक बनेका छन् । होका कदका उनी ७/८ वर्षदेखि १८ चक्के मालवाहक गाडी चलाउने गर्छन् ।

अमेरिका बस्न थालेपछि कलाकारितालाई निरन्तरता दिन नसकेका गोपाल अब फिल्म बनाउने सुरसारमा छन् । उनी आगामी वर्ष फिल्म बनाउने योजनामा थिए । तर, ज्योतिषले २०८१ साल फिल्म निर्माण गर्न शुभ नभएको बताएपछि उनी २०८२ सालमा पुगेका छन् । नेपालले एक अन्तर्वार्तामा भनेका छन्, ‘ज्योतिषको सल्लाहमा २०८२ सालमा फिल्म बनाउँदैछौं । निर्देशन आफैंले गर्नेछु ।’ गोपालसँग ‘संगालो’ सिरियल निर्देशनको अनुभव छ । फिल्म निर्देशनमा भने उनले डेब्यू गर्न लागेका हुन् । नेपाली माटो सुहाउँदो फिल्म बनाउने उनको योजना छ । त्यसका लागि उनी आगामी वर्ष पारिवारिक घुमघामका साथै कथा तयार गर्नका लागि नेपाल आउँदैछन् । उनी भन्छन्, ‘म नेपाल नगएको धेरै भैसक्यो । यसैले नेपाल गएर कस्तो विषय उठान गर्दा राम्रो हुन्छ भनेर बुझ्ने छु ।’

उनले अभिनयमा सक्रिय रहँदा ‘धन सम्पत्ति’, ‘भुतुक्कै भए नि’, ‘आँखा लोभी मन पापी’, ‘सावधान’ लगायत एक दर्जन बढी फिल्ममा पनि काम गरेका छन् ।

उनको अभिनय यात्रा काका जितु नेपालको साथमा ‘ट्वाक्क टुक्क’ नामक हास्य सिरियलबाट सुरु भएको थियो । उनी भविष्यमा नेपाल फर्किएर अभिनयमा सक्रिय हुने सोचमा रहेका छन् । अहिले उनको स-परिवार अमेरिकामा नै छन् ।

# ‘देव वाणी’ मा अभिनय गर्न ‘वान्टेड’ भिलेन नेपालमा



काठमाण्डु । भारतीय फिल्ममा नकारात्मक भूमिकामा रुचाइएका अभिनेता ह्यारी जोशले नेपाली फिल्ममा अभिनय गर्ने भएका छन् । ‘वान्टेड’, ‘धूम २’, ‘वेलकम’ जस्ता फिल्ममा अभिनय गरिसकेका उनी नेपाली फिल्म ‘देव वाणी’मा देखिन लागेका हुन् । फिल्ममा अभिनय गर्न उनी बुधबार नेपाल आइसकेका छन् । उनलाई फिल्मको टिमले त्रिभुवन विमानस्थालमा खादा र मालाले स्वागत गरेको थियो ।

बिहीबार बिहानदेखि बालाजु ल्याबमा जोशको भागको छायांकन भैरहेको निर्देशक बाबु साहेव बलामीले जानकारी दिए । करिब ६ दिन फिल्मको अन्तिम चरणको छायांकन हुनेछ । फिल्ममा ह्यारीको विशेष भूमिका रहेको बलामीले बताए । फिल्म हिन्दी भाषामा पनि बनेकाले भारतीय कलाकारलाई समेटिएकोउनकोभनाईछ।फिल्मलाई नेपालसँगै भारतमा हलमा रिलिज गर्ने योजना छ ।

एक्सन-लभस्टोरी कथामा बनेको फिल्ममा सुनिल थापा, कुन्दन भारद्वाज, अनुजा लेप्चा, ध्रुव कोइराला, घनश्याम गिरी, रबिन्द्र झा, नन्दु श्रीवास्तव, अमिता श्राप, मौसम पौडेल, देव सिंह, प्रदीप ढकाल, काजोल राघवाणी, लक्ष्मीनाथ तिमल्सिनाको पनि अभिनय रहेको छ । दशैंभन्दा अगाडि नै सिमरा र वीरगञ्ज क्षेत्रमा छायांकन भैसकेको फिल्मको काठमाडौं छायांकनपछि प्याकअप हुनेछ ।

मौसम फिल्म्स प्रोडक्सन हाउस र अनुजा इन्टरटेनमेन्टले निर्माणमा सहकार्य गरेको फिल्मको कथा निराजन मेहता मन्जिलको हो । मिना खड्का र हिराबहादुर लेप्चा निर्माता रहेको फिल्मको कार्यकारी निर्मातामा महेन्द्र यादव र अपार गुरुङ छन् । फिल्ममा श्री श्रेष्ठको द्वन्द्व, हरिबहादुर घलेको छायांकन, तेञ्जु योञ्जनको कोरियोग्राफी, मनोहर सुनामको संगीत र बन्दे प्रसादको सम्पादन छ ।

# ‘दान्भी’ पोस्टरमा मेसिनगन लिएर लडिरहेकी पूजा




काठमाण्डु । पछिल्लो समय साउथ र बलिउडका एक्सन फिल्ममा मेसिनगनको प्रयोग अनिवार्य जस्तै भएको छ । ‘केजीएफ’, ‘पठान’, ‘एनिमल’, ‘टाइगर ३’ जस्ता फिल्ममा प्रयोग भएको मेसिनगनलाई लिएर राम्रै चर्चा भएको थियो । विशेषगरी ठूला एक्सन सिनमा मेसिनगनको प्रयोग गरिन्छ । अब नेपाली एक्सन प्रधान फिल्म ‘दान्भी’मा अभिनेत्री पूजा शर्मा शक्तिशाली मेसिनगनसहित देखिने भएकी छन् ।

मंगलबार उनको चरित्र चित्रण गर्ने एउटा पोस्टर सार्वजनिक गरिएको छ । जसमा उनी मेसिनगन लिएर लडिरहेकी छन् । पूजाको निधारमा चोट पनि छ । सम्भवतः पहिलोपटक नेपाली फिल्ममा मेसिनगनको प्रयोग भएको हो । यही फिल्मका लागि पूजाले महिनौं एक्सनको ट्रेनिङ समेत लिएकी थिइन् । रोमान्टिक भूमिकामा रुचाइएकी उनी पहिलोपटक एक्सन अवतारमा देखिन लागेकी हुन् । ‘जय शम्भु’बाट एक्सन फिल्ममा सम्भावना देखाएका रुपेश तामाङद्वारा निर्देशित फिल्ममा देव मगर र अनुप गडाल निर्माता, पवन राना मगर कार्यकारी निर्माता, कमला लिम्बु, पन्च बहादुर तामाङ र श्रवणकुमार श्रेष्ठ सह-निर्मातामा छन् भने हरि लामा ‘घले’को छायांकन, संजोग रानाको संवाद, बन्दे प्रसादको सम्पादन, अर्जुन पोखरेल, नागेश जोशी र केदारराज नेपालीको संगीत रहेको छ ।

त्यसैगरी, फिल्ममा कविराज गहतराज र राहुल बराइलीको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, सत्यम रानाको भीएफक्स तथा नवराज शर्मा मुख्य सहायक निर्देशन छ । निर्देशक तामाङले फिल्मको एक्सनलाई आफूहरुले नयाँ तहमा तयार पारेको बताएका छन् । फिल्मको टिजर केही हप्तामै सार्वजनिक गरिँदैछ । टिजरसँगै फिल्मको प्रदर्शन मिति घोषणा गर्ने तयारीमा निर्माण टिम छ ।

## हमहू राजा बनब

हमहू राजा बनब आ राज चलाएब
ओकरे जेहन नयाँ नयाँ आईडिया बनायब ॥१।
भ्रष्टाचार के आरोप दोसर पर लगायब
अपने देश के लुईट के तरे तरे खुब खाएब॥२॥
बरका बरका नारा लगाक प्रजा के फुसलायब
जखने किछ वाजत त जेल सजाय करायब॥३॥
राम राम जपब आ बगल मे छुरा सेहो चलायब
अहंकार आ शक्ति के बल पर संविधान भजाएब॥४॥
यूवा युवा कहिक सबके देश के बाहर पठायब
देश के बचल सब तिजोरी गायब करायब॥५॥



**लेखक: उज्ज्वल झा**
**शिक्षा: स्नातक दोस्रो बर्ष जारी**
**स्थायी ठेगाना: महोत्तरी गा.पा.१**

## गिजानैत ई गणतन्त्र

बिनु मौसम बर्षै छे मेघिया
फरल सीस छिजानैत होय
बड्डी कठोर किसानक जीवन
गणतन्त्रोमें गिजानैत होय
आँखि पसारिक ऽ देखि रहलछी
आन्दोलन नित् नेशि रहलछी
ईश कोठीके धान-उस कोठी करय
तए मुसबार्कैं परिख रहलछी
आबनै कनिको होय भरोषा
कानून’क नहि पाबी सोंसा
कोन ग ऽरे ई ऊँटसब बैठता
सगरो मिडिया पसारए खोशा
सांस्द भवनमें गारल अइ मे’ह
हाँकब कि दौनी भुख्ल अइ पेट
धिप्ले छाल्ही कटोरामे खइती
सिर्सिराइत छै भैंसी चलै’नै नेट
पोस्ट करैत आब लाज लगैय ऽ
ई सत्ता सँभियासाझ लगैय ऽ
संख्या जकरे, ओहे छै कावील
किछियो नहि सोकाज लगैय ऽ



**विरेन्द्र कुमार सिंह (कुशवाहा)**
**अर्नमा -३, सिरहा**

## गजल

हियामें उतार चाहै छी अहाँके एकबेर
मनभैर निहार चाहै छी अहाँकें एकबेर
बस इजाजत द’दितौं अहाँ छुवकें प्रिय

घूंघट उघार चाहै छी अहाँकें एकबेर
वर्षो’स लागल अछि प्रेमक जे पियास
ओ पियास मार चाहै छी अहाँके एकबेर

गलती,सलती माफ करब निहोरा एतबे
जिनगी सवार चाहै छी अहाँकें एकबेर
नुकाचोरी, छुपा-छुपि कतेब दिन आब
मोम जहन जार चाहै छी अहाँके एकबेर



**उदगार यादव**
**सिरसियाऽछ**

## गजल

टाढा भयौ तिमी र पो झन् झन् माया बढ्दोरैछ !
आँखा अघि अचेल सधै तिम्रो छाँया पर्दोरैछ !
मायाका ति बेग्लै अनेक रुपहरु हुन्छ भन्छन्
यादमा ति आँसु पनि माया बनि झर्दोरैछ !
बिपनीमा साथ छ तिम्रो अनि सपनीमा
प्रेमको सागर संगै मिलि यहि ज्यानले तर्दोरैछ !
केराइ मेरा बेदना हुन् सन्देश पुगोस् तिमीसम्म
संगै बाच्ने मर्ने मनले कामना नि गर्दोरैछ !



**लेखक :- बलिराम मुखिया**
**ठेगाना :- महोत्तरी गा.पा ०१, महोत्तरी**

## वैदेशीक यात्रा (रहिजैतौं परदेशमें)

घरक दुख देख्लो नै जाइय,
उइर जैंतौं विदेशमें,
पिडा ककरा सुनवियै अपन,
रहिजैतौं परदेशमें।।१
जिवन हमर छै बोझ-बुझारी,
कर्जा परल यै माथपर,
कोनाक लौट्यै घर हो भैया,
प्राण अडल अइ नाकपर।।२
पाइ-पाइ जोड़क लाख बनोलियै,
एलौ नै आवेशमें,
पिडा ककरा सुनवियै अपन,
रहिजैतौं परदेशमें।।३
सात-समुन्द्र एलौ लक,
बोझ इ जिम्मेवारीकें,
हासि-हासि पीड़ा नुक्बैछि,
नै छि अइ दुनियादारीमें।।४
अपन-आन किन्का हम कहियै,
नै जानि कोन इ भेशमें,
पिडा ककरा सुनवियै अपन,
रहिजैतौं परदेशमें।।५
सुनु-सुनु आखिक नोर गिरैय,
आइबजो बौवा घर तु,
दुःख-सुख कक जियब अतै,
नै-रह बौवा परदेश तु।।६
भाग्य हमर लिख्ने छै कोना,
ब्रह्मा रहिथन आक्रोशमें,
पिडा अपनके सुन्तौ माँ,
जौं एबयौ अपने देशमें।।७
कर्जा लह परदेश हम एलियौ,
के देतै ब्याज गै,
जो पैसा छोडा तु लबिहै,
छैठ़में एतौ काज गै।।
जो पैसा छोडा तु लबिहै,
छैठ़में एतौ काज गै।।८



**राजन झा**
**महोत्तरी, पिपरा-०५**

# विकास गाउँमा बसाइँ भने सहरमा

**टुडे समाचारदात**

देउखुरी । घोराही उपमहानगरपालिका-९ की ८३ वर्षीया सुमित्रा शर्मालाई हिजोआज दिन बिताउन निकै गाह्रो भइरहेको छ। सामान्य हिँडडुल गर्नसक्ने उनलाई घरको आँगन पनि परदेश हुन थालेको छ । दिनभरि घरमा एक्लै बस्दा दिन काट्न मुस्किल हुने गरेको र दुःख, सुखका कुरा गर्ने छरछिमेकीका घर सुनसान बन्दै गएका छन् । छिमेकी धमाधम बसाइँसराइ गरी बजार झर्न थालेकाले सुमित्राले एक्लो महसुस गर्नुभएका हो । अब गाउँमा मान्छे नै नहुने हो की भन्ने चिन्ता उनलाई छ ।

अहिले दिनप्रति दिन गाउँ छोड्नेको सख्या बढ्दो छ आफू सँगसँगै मेलापात र घाँसदाउरा गरेका दौतरी अधिकांश गाउँबाट बसाइँ सरेका छन् । पहिले गाउँमा विकास पुगेको थिएन, स्थानीयवासी दुःख गरेर पनि गाउँमै बस्थे । अहिले गाउँका टोल-टोलमा विकास पुगे पनि मान्छे भने छैनन् ।

गाउँका घर रित्तिएर सुनसान बन्दै गएका छन्। खेतीयोग्य जमिन झाडीले ढाकिन थालेका छन् । दशक अगाडिसम्म निकै रमाइलो रहेका गाउँ अहिले बसाइँसराइका कारण चहलपहल हुनै छोडेको छ । पहिले गाउँमा बिजुली, पानी बाटोघाटोको सुविधा थिएन । अहिले घरघरमा पानीका धारा छन् आँगनीको बाटो कालोपत्रे गरेर चिल्लो भएका छन् । गाउँमा अहिले विकासले गति लिँदै गएको छ तर उपभोग गर्ने स्थानीय बासिन्दा भने थप सेवा सुविधा खोज्दै गाउँ छोडेर सहर पसेका छन् ।

गाउँमा एकै परिवारले प्रसस्त गाईबस्तु पाले खेती किसानी गर्ने गर्थे । आवश्यक सामान लिनका लागि दिनभरि लगाएर बजार धाउनुपर्ने अवस्था थियो तर अहिले त्यो अवस्था हटेको छ। तीन पाङ्ग्रे अटोरिक्सा गाउँका घरघरमा पुग्ने गरेपनि स्थानीयवासी महत्वकांक्षी बन्दै गएपछि गाउँ रित्तिन थालेको सुमित्रा बताउछन् ।

उनी भन्छन्, "हाम्रा पालामा अहिलेको जस्तो खानेपानी, विद्युत् र यातायातको सहज



पहुँच नभए पनि गाउँमा मान्छेको बसाइ बाक्लो थियो । अहिले सुविधा भएर पनि बसाइसराइ गर्नेक्रम बढेको छ ।"

स्थानीय ६८ वर्षीय पूर्णबहादुर बस्नेत सुविधा खोज्नका लागि युवा सहर पसेपछि परिवार पनि उतै लैजाने गरेको बताउछन् । विदेशमा रोजगारमा रहेका अधिकांश युवाको परिवार सहर बजारमा सुविधा खोज्दै बसाइ सर्ने गरेका हुन्। पछिल्लो दस वर्षमा यहाँका अधिकांश गाउँबाट बसाइँसराइ गर्नेको सङ्ख्या बढ्दै गएको उनी बताउछन् ।

बस्नेत भन्छन्, "पहिले युवा गाउँमा खेतीपाती र गाउँमै कामधन्दा गर्ने गर्थे, पछिल्लो समय विदेश जान थाले, पैसा कमाउन थाले त्यसलेगर्दा उनीहरुलाई गाउँभन्दा सहर बजार मन पर्न थाल्यो, कमाएको पैसाले बजारमै घर बनाएर बस्न थाले त्यही भएर अहिले गाउँमा मान्छे कम हुँदै गएका छन् ।

घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरी नागरिकको मागलाई मध्यनजर गरी सडक निमार्णका लागि महत्व दिएको बताउछन् । सडक सञ्जाल नपुगेको स्थानमा नयाँ ट्र्याक खोल्नेदेखि कालोपत्र गरेर सडक सुविधा पुराउने काम गरिएको छ । सडकसँग मानिसको जीवनशैली पनि जोडिएको छ । सडकको पहुँच भएका ठाउँका मानिसको बसाइँसराइ बढेको पनि छ। यसरी जिल्ला बाहिर र भित्रबाट पनि सुविधा भएका ठाउँमा बसाइँसराइ गर्ने क्रम बढेको उहाँ उल्लेख गर्छन् । "जनताको माग पनि सडकको विकासमै हुने गरेको र उपमहानगरपालिकाले पनि सडकको स्तरोन्नतिमै जोड दिइरहेको छ," नगरप्रमुख चौधरी भन्छन्,, "सडकले गाउँको विकास र अर्थतन्त्रमा टेवा पुगेको छ। सडकले गाउँ र सहरलाई जोडेको छ ।"

राष्ट्रिय जनगणना-२०७८ अनुसार दाङ जिल्लाको जनसङ्ख्या छ लाख ७४ हजार नौ सय ९३ छ। यसमा ५२ दशमलव ४० प्रतिशत अर्थात् तीन लाख ५४ हजार तीन सय ७६ महिला र ४७ दशमलव ५९ प्रतिशत अर्थात् तीन लाख २१ हजार नौ सय एक पुरुष छन्। कूल जनसङ्ख्यामध्ये एक लाख २७ हजार नौ सय ७३ जना अन्य जिल्लाबाट बसाइँसराइ गरी आएका हुन्। यसैगरी ६४ हजार तीन सय ७५ जना जिल्लाभित्रै एक पालिकाबाट अर्को पालिकामा बसाइँसराइ गरेका छन्। यो जिल्लाको कूल जनसङ्ख्याको नौ दशमलव पाँच प्रतिशत हो ।

# 'हानि, नोक्सानी कोष वितरणको प्रक्रिया सहज हुनुपर्छ'

**टुडे समाचारदाता**

युएई । जलवायु परिवर्तनका जानकारहरुले संयुक्त अरब इमिरेट्स (युएई) को दुबईमा जारी जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-२८) का क्रममा स्थापना भएको हानि, नोक्सानी कोष सकारात्मक भएको उल्लेख गर्दै यसको वितरणको प्रक्रिया सरल, सहज र पारदर्शी हुनुपर्नेमा जोड दिएका छन् ।

संयुक्त अरब इमिरेट्स (युएई) को दुबईमा जारी कोप-२८ का क्रममा नेपाल पेभिलियनमा शुक्रबार साथसाथै संस्थाले आयोजना गरेको कार्यक्रममा उनीहरुले सो कुरा बताएका हुन् । कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का विकास व्यवस्थापन विज्ञ तथा जलवायु सल्लाहकार डा पपुलर जेन्टलले कोप-२८ मा नेपालले जलवायु परिवर्तनका असरको ठूलो क्षतिको सामना गरिरहेको उल्लेख गरे ।

उनले कोषको वितरण सहज, सरल र पारदर्शी हुनुपर्ने बताउँदै भने, "हानि, नोक्सानी कोषको स्थापना गरेर मात्र पुग्दैन, यसको प्रक्रिया सहज र सरलीकरण गरिनुपर्छ र संरचनात्मक असमानता हटाइनुपर्दछ । हानि, नोक्सानी कोषकोपारदर्शीतामापनि जोड दिँदै मानवअधिकारको दृष्टिकोणबाट अघि बढ्नुपर्छ ।" जेन्टलले कोप-२८ मा पुऱ्याइरहेको हानि, नोक्सानीकाविषयमाबृहत्छलफल भइरहेको उल्लेख गर्दै नेपालले प्रत्यक्ष आर्थिक र गैरआर्थिक (सामाजिक-सांस्कृतिक) क्षति व्यहोर्नुपरेको उल्लेख गरे। उनले भने, "नेपालले जलवायु परिवर्तनका कारण प्रत्यक्ष आर्थिक क्षतिसँगै गैरआर्थिक क्षति (सामाजिक र सांस्कृतिक) हानि, नोक्सानी व्यहोरिरहेका छौँ । हामीले व्यहोरिरहेको गैरआर्थिक क्षतिका विषयमा अझै पनि बृहत् छलफल हुन आवश्यक छ ।"



साथसाथैका अध्यक्ष प्रजिता कार्कीले नेपालले हानि, नोक्सानी कोषका लागि अझै तयारी गरिनुपर्ने बताए । उनले भने, "नेपालले जलवायु परिवर्तनका कारण महिला, बालबालिका तथा जोखिममा रहेका समुदाय बढी पीडित भएका छन् । हानि, नोक्सानी कोषको वितरणमा पनि जोखिममा रहेको समुदायलाई केन्द्रमा राखिनुपर्दछ । यसका लागि हामीले थप तयारी गर्न आवश्यक छ ।" उनले सरकारले सरोकारवालासँग बृहत् छलफल गरेर अघि बढ्नुपर्ने भन्दै हानि, नोक्सानी कोषलाई अघि बढाउँदा हिमाललाई केन्द्रमा राख्नुपर्नेमा जोड दिए।

एनटीएनसीका जलवायु व्यवस्थापन विज्ञ मनिषराज पाण्डेले कोप-२८ मा अहिले हानि, नोक्सानी कोष केन्द्रीय विषय बनेको उल्लेख गर्दै जलवायु परिवर्तनका कारण भएको हानि, नोक्सानीले जोखिममा परेका समुदायलाई केन्द्रमा राखिनुपर्ने बताए । उनले भने, "हानि, नोक्सानी कोषको वितरणका लागि प्राथमिकतामा बढी जोखिममा समुदायलाई राखिनु पर्दछ ।" उनले गैरआर्थिक क्षतिको अध्ययन र तथ्याङ्क सङ्कलनका लागि पूर्वाधार बनाउन आवश्यक रहेको उल्लेख गरे ।

जलवायु तथा वातावरण अध्ययता तथा मिस नेपाल वर्ल्ड, २०२३ श्रीच्छा प्रधानले नेपालका हिमाल र वनजङ्गलले विश्वव्यापी सेवा प्रदान गरिरहेको उल्लेख गर्दै भने, "हामीले विश्वलाई स्वच्छ पानीको स्रोतमार्फत सेवा दिइरहेका छौँ। कार्बन उत्सर्जन बढी गर्ने मुलुकले नेपाललाई जलवायु सङ्कटबाट जोगाउन आवश्यक कोष उपलब्ध गराउनु पर्दछ।"

नेपालले न्यून कार्बन उत्सर्जनका बाबजुद जलवायुको बढी क्षति व्यहोरिरहेको उल्लेख गर्दै उनले भने, "हामीलाई अब सहयोगको याचना होइन, अधिकारका लागि दाबी गरिरहेका छौँ। कार्बन उत्सर्जन बढ्दै जाँदा हामीले सङ्कटको सामना गर्नुपरेको हो। प्रकृतिमाथि हामीले दबाब सिर्जना गरिरहेका छौं र यसलाई कम गर्न पहल गर्नुपर्दछ । अब प्रकृतिविरुद्धको युद्ध अन्त्य गरिनु पर्दछ।"

कम विकसित मुलुकहरु (एलडिसी) सपोर्ट टिमका प्रमुख मन्जित ढकालले कोप-२८ मा हानि, नोक्सानी कोषको कार्यान्वयनका विषयमा महत्वपूर्ण छलफल भएको उल्लेख गर्दै भने, "नेपालले हानि, नोक्सानी कोषका लागि गरेको तयारीले गर्दा हाम्रो कुरा स्पष्टसँग राख्न सकेका छौं। कोषको आकार बढाउने विषयमा प्रगति भइरहेको छ।

# हात्तीबाट ज्यान जोगाउन रातभर जाग्राम

**टुडे समाचारदाता**

बेलबारी । साँझ पर्न नपाई बस्ती छिर्न थालेका जङ्गली हात्तीको बथानदेखि भाउन्नेका स्थानीय आतङ्कित बन्नुपरेको छ। दिनभरि नजिकै रहेको जङ्गलमा करिब तीन दर्जनको सङ्ख्यामा रहेका हात्ती साँझ आहाराका लागि



बस्ती छिर्न थालेपछि स्थानीय त्रसित बन्नुपरेको छ ।

बेलबारी नगरपालिका-१० भाउन्नेका तेजबहादुर दाहालले दश कट्ठा जमिनमा लगाएको मकै हात्तीले सोत्तर बनाएको छ । "राति सुत्न पाएका छैनौँ, हात्ती धपाउँदै रात बित्छ", दाहालले भने। बिहीबार राति स्थानीय रबिन निरौला र तीर्थबहादुर दाहालको घरमा हात्तीले क्षति पुऱ्याएको छ। दाहाल भन्छन्, "राति खाना खाने समयमा आएका हात्तीले घर भत्काउन थाले, हामीले भागेर ज्यान बचायौँ ।"

शुक्रबार बिहान मोरङको बेलबारी-१० भाउन्नेस्थित जङ्गली हात्तीको आक्रमणबाट भएको घर र बालीको निरीक्षण गर्दै कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले बस्तीमा आएका जङ्गली हात्तीलाई बस्तीभन्दा टाढा बासस्थानतर्फ चाँडै धपाउन सुरक्षा निकायलाई निर्देशन दिएका छन्।

साथै हात्तीले पुऱ्याएको क्षतिको उचित क्षतिपूर्ति दिइने मुख्यमन्त्री कार्कीले बताए । बेलबारी-८ र १० मा मात्रै बिसौँ बिगाहा जमिनमा लगाइएको मकै र केरा खेतीमा हात्तीले क्षति पुऱ्याएको बेलबारी-१० वडाध्यक्ष गङ्गाबहादुर याखाले बताए। केही दिनदेखि दैनिक रुपमा राति हात्ती धपाउन सशस्त्र प्रहरी, जनपद प्रहरी र नगर प्रहरीका साथै स्थानीयले प्रयास गरिरहे पनि पार नलागेको वडाध्यक्ष याखा बताउछन्।

मोरङको भाउन्ने क्षेत्रमा मकै र केरा खेती राम्रो उत्पादन हुने गरेको छ । यहाँका स्थानीय मकै र केरालाई नगदे बालीका रुपमा आफ्नो मुख्य आम्दानीको स्रोत मान्ने गरेको बेलबारी-१० भाउन्नेका अशोककुमार सुब्बा बताउछन् । बेच्नलाई तयारी अवस्थामा रहेको एक कट्ठा जमिनको मकै गएराति आएका जङ्गली हात्तीले सखाप बानाएको सुब्बाले बताए।

झापा, मोरङ र सुनसरीका विभिन्न स्थानमा यतिबेला जङ्गली हात्तीले आतङ्क मच्चाएको छ । विगत १५ दिनयता मात्रै हात्तीको आक्रमणबाट झापामा दुई, सुनसरी र मोरङमा एक/एक गरी चारजनाको मृत्यु भइसकेको छ। यही मङ्सिर ५ गते हात्तीले आक्रमण गर्दा झापाको दमकको बेलडाँगीस्थित भूटानी शरणार्थी शिविरका ७२ वर्षीय पदमलाल तामाङको मृत्यु भएको थियो। शिविर बाहिरको हम्सेदुम्से सामुदायिक वनको जङ्गलमा तामाङलाई हात्तीले आक्रमण गरेको थियो ।

यस्तै मङ्सिर १३ गते राति सुनसरीको इटहरीमा जङ्गली हात्तीको आक्रमणबाट इटहरी-२ का रबिन खड्काको मृत्यु भएको थियो ।

# आँखाको उपचार गर्न शिविरकै भर


**टुडे समाचारदाता**

पाँचथर। याङ्वरक गाउँपालिका-३ ओयामका मैतसिंह राई याङ्वरककै थर्पुमा आयोजना गरिएको आँखा शिविरमा शल्यक्रियाका लागि तम्तयार भएर बसेका छन्। करिब ७६ वर्षीय मैतसिंहको देब्रे आँखामा मोतियाबिन्दुको समस्या देखिएपछि शल्यक्रिया गर्नुपर्ने भयो । झण्डै १० वर्षदेखि आँखाको समस्या भोगिरहनुभएका मैतसिंहले गत वर्ष थर्पुमा स्थापित आँखा उपचार केन्द्रमा पहिलो पटक आँखा जाँच गराएका थिए। आँखामा समस्या देखिएको स्वास्थ्यकर्मीले बताएपछि उनी शिविर पर्खेर बसिरहेका थिए । "भरसक दुवै आँखाको शल्यक्रिया गराऔँ भनेको, डाक्टरले एउटाको मात्रै गरे पुग्छ भन्नुभयो", मैतसिंहले भने ।

सोही वडाका श्रीनन्द नुगो लिम्बू ७४ वर्षको भए । उनका दुवै आँखामा बादल लागेजस्तो हुन्थ्यो । नजिकैको स्वास्थ्यचौकी र जिल्ला अस्पतालमा उपचार नहुने सुनेपछि उहाँ समस्या पालेरै बसिरहेका थिए । मधुरो देखिने हुँदा विस्तारै हिँडडुल गर्नुपर्ने बाध्यतामा रहनुभएका उहाँ आँखाको उपचार गरेर सहज जीवनको अपेक्षामा छन् । "गाउँबाट तीन जना साथीहरु आएका छौँ, चस्मा लगाउँदा होला कि भनेको 'अप्रेसन' नै गर्नुपर्छ भन्ने कुरा डाक्टरले गर्दै छन्", याङ्वरक गाउँपालिकाले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा भेटिनुभएका नुगोले भने ।

शिविरमा आँखा परीक्षणका लागि आउनुभएका याङवरक-६ का रामकुमार भारती शिविरमार्फत घर दैलोमा सेवा पुऱ्याउने कार्यले सामान्य नागरिक बढी लाभग्राही हुने बताउनुहुन्छ । "टाढा पुगेर उपचार गर्नुपर्ने बाध्यता हट्थ्यो, स्वास्थ्य क्षेत्रका अन्य सेवालाई पनि यसरी नै विस्तार गर्न स्थानीय सरकार लाग्नुपर्छ", भारतीले भने, "आँखाको उपचारका लागि झापासम्म पुग्नुपर्ने बाध्यताले झापा पुगेर उपचार गराउनसक्ने अवस्था छैन ।"

उपचार र परीक्षणका लागि गाउँपालिकाले आयोजना गरेको आँखा शिविरमा आउनुभएका मैतसिंह, श्रीनन्द र रामकुमारजस्तै पूर्वी पहाडका नागरिकले आँखाको उपचार तथा परीक्षणका लागि कि त शिविर नै पर्खनुपर्छ, कि झापा पुग्नुपर्छ। पूर्वी पहाडका आँखाको उपचार गर्ने अस्पताल र जनशक्ति अभावका कारण नागरिक आँखा शिविरको भरपुर सदुपयोगमा लागेका देखिन्छन्। तथ्याङ्कले पनि यहाँका नागरिक शिविरमार्फत सेवा लिन इच्छुक रहेको देखाउँछ । नेपाल नेत्रज्योति सङ्घ ताप्लेजुङसँगको सहकार्यमा यही मङ्सिर १४ र १५ गते याङवरक गाउँपालिकाले



आयोजना गरेको शिविरमा तीन सय ९७ जनाले सेवा लिएका छन् । त्यसमध्ये ३२ जनाको मोतियाबिन्दको शल्यक्रिया, दुई सय २८ जनाको आँखा परीक्षण र चस्मा वितरण तथा बाँकीको आँखा परीक्षण गरिएको गाउँपालिकाका प्रवक्ता कुमारध्वोज सुनुवारले जानकारी दिए। यहाँ गत वर्ष आयोजना गरिएको शिविरमा पाँच सय ३० सेवाग्राहीले लाभ लिएका र त्यसमध्ये ३८ जनाको मोतियाबिन्दुको शल्यक्रिया गरिएको गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख डिल्लीरमण पाण्डेले जानकारी दिए।

याङवरक र कुम्मायक गाउँपालिकाले आँखा उपचार केन्द्र स्थापना गरी आँखा परीक्षण, बिरामीको तथ्याङ्क सङ्कलन, चस्मा र औषधि वितरण गरिरहेका छन्। कुम्मायकले यासोक बजारमा कुम्मायक आँखा उपचार केन्द्र र याङ्वरकले थर्पुमा याङवरक आँखा उपचार केन्द्र स्थापना गरेका छन्। यी उपचार केन्द्र नेपाल नेत्रज्योति सङ्घ ताप्लेजुङको सहकार्यमा स्थापना गरिएका हुन् । दुई/दुई वर्षमा आँखा शिविर सञ्चालन गर्दै आएको हिलिहाङ गाउँपालिकाले यस वर्ष प्राथमिक स्वास्थ्य केन्द्र गोपेटारमा मङ्सिर पहिलो साता आयोजना गरेको शिविरमा नौ सय सात सेवाग्राहीले सेवा लिएका थिए। त्यसमध्ये ६७ जनाको मोतियाबिन्दु र अन्य समस्याको शल्यक्रिया गरिएको हिलिहाङ गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख चन्द्रप्रकाश घिमिरेले जानकारी दिए । घिमिरेका अनुसार आँखाको उपचार सहज नहुँदा सेवाग्राही शिविर कुरेर बस्ने गरेका छन्। "स्वास्थ्य संस्थामा आँखाका बिरामी दैनिकजसो आउँछन्, मोतियाबिन्दुको समस्या धेरै देखिन्छ, चस्मा लगाउनुपर्ने अवस्थाका बिरामी पनि प्रशस्तै भेटिन्छन्", घिमिरेले भने, "हामीले उपचार गर्न नसक्ने हुँदा उपचारका लागि जिल्ला बाहिर जान वा शिविर पर्खन भन्ने गरेका छौँ।" विद्यार्थीमा पनि आँखाको समस्या देखिने गरेको घिमिरेको भनाइ छ। यस्तै आँखामा आकस्मिक समस्या तथा दुर्घटनामा चोट लागेमासमेत उपचारका लागि झापा पुग्नुपर्ने बाध्यता छ।

यहाँका अधिकांश बिरामी आँखामा आएको समस्या समाधानका लागि मेची आँखा अस्पताल विर्तामोड पुग्ने गर्दछन् । कतिपयले फिदिममा रहेका आँखासम्बन्धी सेवा दिने क्लिनिकमा समेत उपचार गराउँछन् । उसो त पाँचथरका फिदिम नगरपालिकासहित अन्य स्थानीय तहले आँखा शिविर सञ्चालन गरिरहेका छन् । स्थानीय तहले नियमित शिविर सञ्चालन गर्दा नागरिकलाई केही सुविधा पुगेको देखिन्छ। शिविरमार्फत दिइने सेवाभन्दा जिल्लामा आँखाको उपचार गर्ने सुविधासम्पन्न अस्पताल निर्माण गर्नुपर्नेमा यहाँका सरोकारवालाले जोड दिने गरेका छन् । जिल्ला अस्पतालमा मेची आँखा अस्पतालको सहयोगमा छुट्टै कक्ष स्थापना गरिए पनि दक्ष स्वास्थ्यकर्मी, उपकरण र औषधिको अभावमा उक्त कक्षले प्रभावकारी सेवा दिन नसकेको बिरामीको गुनासो छ।

# मुस्ताङबाट ४९ करोडको स्याउ निकासी

**टुडे समाचारदाता**

म्याग्दी । मुस्ताङबाट यस वर्ष रु ४९ करोडभन्दा बढी मूल्यको स्याउ निकासी भएको छ। स्याउ मुस्ताङबाट निकासी हुने प्रमुख कृषि उपज हो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मुस्ताङस्थित स्याउ जोन कार्यालयले यस वर्ष उत्पादन भएको ९० प्रतिशत स्याउ बजारमा निकासी भइसकेको जनाएको छ।

स्याउ जोन मुस्ताङका प्रमुख नेत्रप्रसाद भट्टले जिल्लाभर चार हजार नौ सय ७५ मेट्रिक टन स्याउ उत्पादन भएको मध्ये चार हजार चार सय ७७ दशमलव पाँच मेट्रिक टन स्याउ देशका विभिन्न ठाउँमा निकासी भएको बताए । "मुस्ताङमा फलेको मध्ये ९० प्रतिशत स्याउ बजारमा निकासी भइसकेको छ", उनले भने, "करिब पाँच सय मेट्रिक टन स्याउ बेमौसममा बिक्री गर्न चिस्यान गृहमा राखिएको छ।" कृषकले बिक्री गरेको सरदर प्रतिकिलो रु एक सय १० का दरले हिसाब गर्दा रु ४९ करोड २५ लाख २५ हजार मूल्य बराबरको स्याउ निकासी भएको स्याउ जोन कार्यालयले जनाएको छ।

म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौँलगायत सहरका व्यापारीले बगैँचामा नपाक्दै अग्रिम पैसा दिएर ठेक्कामा स्याउ खरिद गर्दछन् । मुस्ताङ घुम्न आउने पर्यटकले पनि कोसेलीका रुपमा स्याउ किनेर लैजाने गर्छन् । धादिङबाट स्याउ खरिद गर्न मुस्ताङ पुगेका व्यापारी शिवाङ तामाङले बेनी, बागलुङ र पोखराका बजारमा मुस्ताङको स्याउको माग उच्च हुने गरेको बताए । पातलो फले पनि दाना ठूला र स्वादिष्ट रहेको उहाँले बताए।



बिक्री नहुने साना दाना भएका स्याउ मदिरा र सुकुटी बनाउन प्रयोग हुन्छन्। मुस्ताङमा रेडडेलिसियस, रोयल डेलिसियस, रिचारेड डेलिसियस र गोल्डेन डेलिसियस जातका स्याउ खेती गरिएको छ। मुस्ताङको एक हजार चार सय ७५ हेक्टर क्षेत्रफलमा स्याउ खेती भएकामा पाँच सय ८० हेक्टर क्षेत्रफलमा लगाइएका स्याउका बोटले उत्पादन दिने गरेको छ । करिब ३८ हेक्टर क्षेत्रफल जमिनमा इटलीबाट ल्याइएको उच्च घनत्वको स्याउ खेती गरिएको छ।

गत वर्ष मुस्ताङमा छ हजार छ सय मेट्रिक टन स्याउ उत्पादन भएकामा यसपालि २४ दशमलव ५८ प्रतिशतले उत्पादन घटेको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले बताए । "फूल खेलेर परागसेचन हुने समयमा धेरै वर्षा हुँदा फूलबाट स्याउको दाना कम लागेकाले उत्पादन घटेको हो", उनले भने, "स्याउको फूल फुल्ने समय वैशाख-जेठ महिनामा वर्षाले स्याउ बोटमा परागसेचन (पोलिनेसन)हुन नपाउँदा उत्पादनमा असर परेको हो।"

केन्द्रले मुस्ताङका पाँचवटै स्थानीय तहका स्याउ बगैँचामा क्रम कटिङ विधिबाट उत्पादकत्वको विवरण सङ्कलन गरेर तथ्याङ्क बनाएको जनाएको छ। थासाङ गाउँपालिकाको कूल एक सय आठ हेक्टरमा पाँच सय ५१ दशमलव ८८ मेट्रिक टन, घरपझोङ गाउँपालिकाको दुई सय ८२ हेक्टर क्षेत्रफलमा दुई हजार चार सय दुई दशमलव ६४ मेट्रिक टन, वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको एक सय ८३ हेक्टर क्षेत्रफलमा एक हजार नौ सय २३ दशमलव ३३ मेट्रिक टन, लोघेकर दामोदरकुण्ड गाउँपालिकाको १२ हेक्टरमा ९५ मेट्रिक टन र लोमान्थाङ गाउँपालिकाको शून्य दशमलव २५ हेक्टर क्षेत्रफलमा एक दशमलब ९९ मेट्रिक टन स्याउ उत्पादन भएको छ।

# राष्ट्रिय आकाङ्क्षा पूरा गर्न एमालेको नेतृत्व चाहिन्छ : ओली

**टुडे समाचारदाता**

गण्डकी। नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय आकाङ्क्षा पूरा गर्न देशलाई एमालेको नेतृत्व चाहिएको बताएका छन्। पार्टीको 'झुलाघाट-चिवाभञ्ज्याङः समृद्धिका लागि सङ्कल्प यात्रा' अन्तर्गत शुक्रबार पोखरा महानगरपालिका-२७ तालचोकमा आयोजित भेटघाट तथा संवाद कार्यक्रममा उनले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा एमालेले मात्रै पूरा गर्न सक्ने दाबी गरे। अध्यक्ष ओलीले अहिले एमाले 'मिसन-८४' अन्तर्गत आगामी निर्वाचनबाट एकल बहुमत ल्याउने गरी अघि बढेको बताए । उनले एमाले साधारण प्रतिपक्ष नभई इतिहास रच्दै सङ्घर्षको मैदानबाट खारिएर आएको सबैभन्दा लोकप्रिय पार्टी भएकाले सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्ने बताए।

"देशलाई सकारात्मक दिशामा फर्काउन हामी सचेत, सङ्गठित र आन्दोलित हुनुपर्ने आवश्यकता छ, राजनीति मात्र नभएर विकास निर्माण र जनजीविकाका सवालमा पनि एमालेले नेतृत्व गर्छ", उनले भने, "पार्टी पङ्क्ति जनताका बीचमा जाने, जनताको समस्या, गुनासा सुन्ने र समाधानका लागि पहल लिने उद्देश्यले समृद्धिका लागि सङ्कल्प यात्राको आयोजना गरिएको हो।"

अध्यक्ष ओलीले खस्कँदो अर्थतन्त्र, बेरोजगारी जस्ता कारणले युवा जनशक्ति पलायन हुने क्रम तीव्र बनेको धारणा राखे। "देश निर्माणका लागि युवा जनशक्तिलाई देशभित्रै राख्नुपर्छ, हाम्रो देश हामी आफैँले बनाउने हो, अरूले कसैले बनाइदिएर देश बन्दैन", अध्यक्ष ओलीले भने, "देशमै रोजगारीको सिर्जना र उद्यमशीलता विकास गर्नुपर्छ।"

# राष्ट्रसङ्घीय जलवायु प्रमुखद्वारा द्रुत सम्झौताका लागि जोड

**एएफपी**

दुबइ । संयुक्त राष्ट्रसङ्घका जलवायु वार्ताका प्रमुखले शुक्रबार मुलुकहरूलाई विश्वव्यापी तापक्रमसँग जुध्न ‘अभूतपूर्व’ सम्झौता गर्नका लागि द्रुत गतिमा अगाडि बढ्न दबाब दिनुभएको छ । वार्ताकारहरूले जीवाश्म इन्धनलाई चरणबद्ध तरिकाले अन्त्य गर्ने विषयमा मतभेदहरू मेटाउन प्रयास गरिरहेका बेला उहाँले त्यस्तो दबाब दिनुभएको हो ।

राष्ट्रसङ्घीय जलवायु वार्ता समयमा विरलै समाप्त हुन्छ तर कोप२८ का अध्यक्ष सुल्तान अल जाबेरले दुबई शिखर सम्मेलनलाई मङ्गलबार बिहान ११ (०७:०० जिएमटी) बजेको निर्धारित समयमा समाप्त गर्ने महत्त्वाकांक्षी लक्ष्य निर्धारण गर्नुभएको छ । दुबईमा रहेका मन्त्रीहरूसँग उहाँले वार्ताकारहरूले शुक्रबार एउटा नयाँ मस्यौदा सम्झौता तयार गरुन् भन्ने आफूले चाहेको बताउनुभयो ।

जीवाश्म इन्धनको भविष्यमा असहमति भए पनि जाबेरले तेल समृद्ध मुलुक संयुक्त अरब इमिरेट्स (युएई) द्वारा आयोजित वार्ता ऐतिहासिक सम्झौताका साथ समाप्त हुने आशा व्यक्त गर्नुभयो । “हामीसँग एउटा आदर्श परिवर्तन गर्ने क्षमता छ”, करिब दुई सय मुलुकका प्रतिनिधिमण्डलहरूले अघिल्लो दिन राहत महसुस गरेको एक दिनपछि उहाँले भन्नुभयो, “कृपया हामीलाई यो काम गर्न दिनुहोस्, मेरा लागि तपाईं अगाडि बढ्न आवश्यक छ र तपाईं ‘कम्फर्ट जोन’ बाट बाहिर आउन आवश्यक छ ।”

जलवायु अभियानकर्ताहरूले युएईको राष्ट्रिय तेल कम्पनी एडिएनओसीका प्रमुख जाबेरलाई गहिरो शङ्काका साथ हेरेका छन् । यद्यपि उहाँले जीवाश्म इन्धनको चरणबद्ध कमी ‘अपरिहार्य’ छ भन्दै आशङ्का गर्नेहरूलाई आश्वस्त पार्ने प्रयास गर्नुभएको छ । जलवायु परिवर्तनबाट विनाश भएका मुलुकहरूका लागि हानि र क्षति कोषको ऐतिहासिक सुरुआतका साथ कोप२८ गत साता सुरु भएको थियो । “हामीले आशङ्का गर्नेहरूलाई आश्चर्यचकित बनायौँ र आशावादीहरूलाई प्रेरित गर्यौँ”, पछि पत्रकारहरूसँग जाबेरले आफू सकारात्मक र आशावादी रहेको उल्लेख गर्दै भन्नुभयो, “कोप२८ मा केही अभूतपूर्व घटना हुनसक्छ भन्ने मलाई महसुस भएको छ ।”

तेल समृद्ध मुलुक साउदी अरब र कच्चा तेलको प्रमुख उपभोक्ता चीनलगायत केही मुट्ठीभरका मुलुकले मस्यौदा सम्झौताको अन्तिम पाठमा जीवाश्म इन्धनलाई चरणबद्ध तरिकाले अन्त्य गर्ने भाषालाई समावेश गरिएकामा विरोध गरेका छन् । मङ्गलबार एउटा मस्यौदा सम्झौता जारी गरिएको थियो तर वार्ताकारहरू ब्रेकमा जानुअघि बुधबार अर्को मस्यौदा बनाउन असफल रहे । मङ्गलबारको मस्यौदामा जीवाश्म इन्धनका विषयमा तीनवटा विकल्प रहेका छन् । पहिलो विकल्पले हाइड्रोकार्बनबाट ‘व्यवस्थित र न्यायसङ्गत’ निकासको आह्वान गर्दछ ।

दोस्रो विकल्पमा मुलुकहरूले उत्सर्जनमाथि नियन्त्रण गर्न नसकिने अक्षुण्ण जीवाश्म इन्धनलाई चरणबद्ध तरिकाले समाप्त गर्ने प्रयासमा तीव्रता ल्याउनुपर्छ भनिएको छ । साथै सन् २०५० सम्ममा ऊर्जा प्रणालीहरूमा शुद्ध-शुन्य कार्बनडाइअक्साइड प्राप्त गर्नका लागि जीवाश्म इन्धनको प्रयोगलाई ‘द्रुत गतिमा’ कम गर्नुपर्ने समेत दोस्रो विकल्पमा उल्लेख छ ।

अमेरिकी जलवायु दूत जोन केरीले बुधबार कार्बन क्याप्चर प्रविधि जीवाश्म इन्धनलाई चरणबद्ध तरिकाले समाप्त गर्ने प्रयासका लागि महत्त्वपूर्ण रहेको भनाइलाई दोहोर्याउनुभयो । उहाँको भनाइले वासिङ्टन दोस्रो विकल्पतर्फ जान सक्ने सङ्केत गरेको छ । तेस्रो र सबैभन्दा विवादास्पद विकल्पले प्रभावकारीरूपमा जीवाश्म इन्धनको विषयलाई सम्बोधन नगर्ने प्रस्ताव गरेको छ ।

> वैज्ञानिकहरूले विश्वव्यापी तापक्रमलाई एक दशमलव पाँच डिग्री सेल्सियससम्म सीमित गर्ने लक्ष्यमा पुग्नका लागि हरितगृह उत्सर्जन सन् २०३० सम्ममा ४३ प्रतिशतसम्मले घट्नुपर्ने चेतावनी दिएका छन् । जीवाश्म इन्धनको अधिकांश प्रयोगले हरितगृह ग्यास उत्सर्जन हुन्छ ।

वैज्ञानिकहरूले विश्वव्यापी तापक्रमलाई एक दशमलव पाँच डिग्री सेल्सियससम्म सीमित गर्ने लक्ष्यमा पुग्नका लागि हरितगृह उत्सर्जन सन् २०३० सम्ममा ४३ प्रतिशतसम्मले घट्नुपर्ने चेतावनी दिएका छन् । जीवाश्म इन्धनको अधिकांश प्रयोगले हरितगृह ग्यास उत्सर्जन हुन्छ ।

जीवाश्म इन्धनमाथिको बहसका बावजुद केही सरकारले कोप२८ ले एउटा महत्त्वाकांक्षी सम्झौता प्रदान गर्नसक्ने आशा व्यक्त गरेका छन् । वार्ताको नेतृत्व गर्ने जलवायु मन्त्रीहरूमध्येका डेनमार्कका डान जोर्गेनसेनले भन्नुभयो, “पक्षहरूसँगको घन्टौँको छलफलपछि हामी यो गर्न सक्छौँ र यो सम्भव छ भन्ने मलाई विश्वास छ ।”

जीवाश्म इन्धनलाई चरणबद्ध तरिकाले समाप्त गर्ने वा चरणबद्ध तरिकाले कम गर्ने विकल्पविरुद्ध साउदी अरब सबैभन्दा वजनदार आवाज भएको मुलुक भएको छ । बर्घिङ्घम विश्वविद्यालयमा साउदी राजनीतिका विशेषज्ञ उमर करिमले एएफपीलाई भन्नुभयो, “हाइड्रोकार्बनको सबैभन्दा ठूलो उत्पादकमध्येको एक साउदी अरबले दुईमध्ये कुनै पनि विकल्पमा समाधान निकाल्न अस्वीकार गर्दछ ।”

राइस विश्वविद्यालयमा मध्यपूर्वका फेलो क्रिस्टियन उलरिचसेनका अनुसार साउदी अरबले चीन र रुससहित जीवाश्म इन्धनका विषयमा समान विचारधारा भएका मुलुकहरूको गठबन्धन खोज्नेछ । यद्यपि अन्य पर्यवेक्षकहरूले चीनले वार्तामा रचनात्मक भूमिका निर्वाह गरिरहेको बताएका छन् । चीन विश्वमा हरितगृह ग्यासको सबैभन्दा ठूलो उत्सर्जक हुनुका साथै नवीकरणीय ऊर्जाको शीर्ष उत्पादक पनि हो । कार्यकर्ताहरूले जीवाश्म इन्धनलाई समाप्त गर्नुपर्ने मागलाई लिएर शुक्रबार कोप२८ को विशाल स्थलमा एउटा अर्को विरोध प्रदर्शन गर्दै ‘कोइला होइन, तेल होइन, कार्बनलाई माटोमा राख’ भन्ने नारा लगाएका छन् ।

## अमेरिकी निर्यात नियन्त्रण नीतिको चीनद्वारा विरोध

**सिन्ह्वा**

बेइजिङ । अमेरिकी निर्यात नियन्त्रण नीतिको चीनले विरोध गरेको छ ।चीनका विरुद्ध निर्यात नियन्त्रण नीतिको दुरुपयोग गर्ने र आपसी लगानीमा प्रतिबन्ध लगाउने लगायतका अमेरिकी कदमको चीनले दृढतापूर्वक विरोध गरेको चिनियाँ वाणिज्य मन्त्रालयका प्रवक्ता हे यादोङले उल्लेख गर्नु भएको छ ।

सेमिकन्डक्टर र अत्याधुनिक प्रविधिहरूमा चीनको पहुँचमा प्रतिबन्ध लगाउन आग्रह गर्ने अमेरिकी वाणिज्य मन्त्री जीना रेमन्डोको हालै सार्वजनिक टिप्पणी बारे सोधिएको पत्रकारहरूको प्रश्नको जवाफमा उहाँले सो टिप्पणी गर्नु भएको हो ।

चीन-अमेरिका सम्बन्धका प्रतिस्पर्धात्मक पक्षहरूलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न दुवै राष्ट्र प्रमुखहरू सहमत भएको सन्दर्भ उल्लेख गर्दै उहाँले सान फ्रान्सिस्को शिखर सम्मेलनमा भएको सहमतिलाई कार्यान्वयन गर्न सम्बन्धित अमेरिकी पक्षले चीनसँग मिलेर काम गर्ने आशा पनि व्यक्त गर्नु भएको छ।

अमेरिकी पक्षको नियन्त्रणका प्रतिबन्धात्मक उपायहरू राष्ट्रिय सुरक्षाको अवधारणाको सामान्यीकरण हो भनेर चीनले बारम्बार औंल्याएको छ। यस्ता प्रतिबन्धात्मक उपायहरूले बजारका सामान्य नियम एवं अन्तरराष्ट्रिय आर्थिक र व्यापार व्यवस्थालाई कमजोर पार्ने र विश्वव्यापी औद्योगिक र आपूर्ति शृं लाको स्थिरतालाई समेत थप खतरामा पार्ने मन्त्रालयका प्रवक्ताको दाबी छ ।

## इरानी राष्ट्रपति रुस भ्रमणमा



**सिन्ह्वा**

तेहरान । इरानी राष्ट्रपति इब्राहिम रायसीले बिहीबार रुस भ्रमणका क्रममा गाजा क्षेत्रमा भएको इजरायली आक्रमणलाई तत्काल रोक्ने विषय छलफलको मुख्य विषय भएको बताउनुभएको छ ।

रुसी समकक्षी भ्लादिमिर पुटिनको निमन्त्रणामा तेहरानबाट रुसको राजधानी मस्को जानु अघि पत्रकारहरूसँग कुराकानी गर्दै राष्ट्रपति रायसीले उक्त टिप्पणी गर्नुभएको राष्ट्रपति कार्यालयको वेबसाइटमा प्रकाशित विज्ञप्तिमा उल्लेख गरिएको छ ।

इरानी राष्ट्रपतिले आफ्नो भ्रमणको उद्देश्य गाजाको घेराबन्दी हटाउने, तटीय क्षेत्रका मानिसहरूलाई मानवीय सहायता पुर्याउने तथा प्यालेस्टाइनीहरूको ‘अपरिहार्य’ अधिकारको रक्षा गर्नेलगायतका मुख्य विषयमा विचार आदानप्रदान गर्नु रहेको बताउनुभएको छ । यी मुद्दाहरूमा अन्य देशहरूसँग पनि आवश्यक छलफल हुने उहाँले उल्लेख गर्नुभयो ।

रुससँगको राजनीतिक, आर्थिक, व्यापारिक, सांस्कृतिक तथा वैज्ञानिक क्षेत्रमा सम्बन्ध विस्तार गरी सहकार्यका विषयमा छलफल गर्ने पनि भ्रमणको एजेण्डामा समेटिएको राईसीले बताउनुभएको छ । इरानी राष्ट्रपतिले क्षेत्रीय र अन्तरक्षेत्रीय मुद्दामा शान्ति, स्थायित्व तथा एकपक्षीयताका विरुद्ध लड्न दुवै देशले समान धारणा राखेको पनि उल्लेख गर्नुभएको छ। युरेशियन इकोनोमिक युनियन, साङ्घाई सहयोग सङ्गठन र ब्रिक्सलगायतका संस्थाले इरान र रुसबीचको द्विपक्षीय सम्बन्धका साथै बहुपक्षीयतामा आधारित अन्य क्षेत्रीय तथा समान विचारधाराका देशहरूसँगको सम्बन्ध सुधार्ने आधार तय गरेको उहाँको भनाइ छ ।

बिहीबारदेखि प्यालेस्टाइनी इस्लामिक प्रतिरोध आन्दोलन (हमास) र इजरायलबीचको घातक द्वन्द्व तेस्रो महिनामा प्रवेश गरेको छ । उक्त द्वन्द्वबाट १७ हजार एक सय ७७ जना प्यालेस्टाइनी तथा इजरायली पक्षका एक हजार दुई सय जनाले ज्यान गुमाएका छन् । मृतकमध्ये अधिकांशले द्वन्द्वको सुरुआती चरणमा मारिएका हुन् ।

## जाम्बियाका राष्ट्रपतिद्वारा कृषिलाई प्रमुख उद्योग बनाउने प्रतिबद्धता

**सिन्ह्वा**

लुसाका । कृषि क्षेत्रलाई मुलुकको प्रमुख उद्योग बनाउने उद्देश्यले जाम्बिया सरकारले कृषिमा विभिन्न नीतिहरू लागु गरिरहेको छ ।

जाम्बियाका राष्ट्रपति हकाइन्दे हिचिलेमाले सरकारले मुलुकको आर्थिक विकासमा किसानको महत्त्वलाई प्रमुख स्थान दिएको उल्लेख गर्दै कृषिलाई मुलुकको अग्रणी उद्योग बनाउन प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले बुधबार आर्थिक वर्ष २०२३/२०२४ को राष्ट्रिय रोपण सिजनको औपचारिक शुभारम्भ गर्दै भन्नुभयो, “जेसुकै गर्नुपरोस्, हामी कृषिलाई प्रमुख उद्योग बनाउन गइरहेका छौँ, हामी अगाडि बढ्दै जाँदा कृषि नम्बर एकको रूपमा स्थापित हुनेछ ।”

बढीभन्दा बढी मानिसलाई कृषि क्षेत्रमा उद्यम गर्नका लागि प्रोत्साहन गर्न सरकारले यस क्षेत्रमा ऋण सुविधा उपलब्ध गराउने राष्ट्रपतिले बताउनुभयो ।उहाँले कृषिमन्त्रीलाई सरोकारवालाको एउटा बैठक आयोजना गर्न निर्देशन दिनुभयो । बैठकमा कृषि क्षेत्रलाई प्रभावित बनाउने विभिन्न मुद्दामा छलफल गरिने र समाधान खोजिने उहाँको भनाइ थियो ।

उहाँका अनुसार मकैजस्तो खाद्यान्नको बढ्दो बजारका कारण विकासमा व्यापक सम्भावना छ र यसले जाम्बियाको उत्पादकत्व बढाउने छ । कृषिमन्त्री रुबेन फिरीले मङ्गलबार मन्त्रालयले अनुदान कार्यक्रमअन्तर्गत १० लाखभन्दा बढी किसानलाई मल र बीउ वितरण कार्य सम्पन्न गरिएको जानकारी दिनुभएको थियो ।

# राजेश्वर नेपाली क्रिकेट कपमा रतौली विजयी




**टुडे समाचारदाता**

जनकपुरधाम । प्रेस तथा प्रजातन्त्र स्वतन्त्रता सेनानी राजेश्वर नेपालीको स्मृतिमा जनकपुरधाम उप महानगरपालिका वडा नं २३ बेलामा महामना राजेश्वर नेपाली टि-२० क्रिकेट प्रतियोगिताको तेस्रो दिनको खेलमा महोत्तरीको रतौली क्रिकेट टिम ७ विकेटले जीत हासिल गरेको छ ।

शुक्रवार धनुषाको ठेरा र महोत्तरीको रतौली क्रिकेट टिमबीच भएको खेलमा रतौली क्रिकेट टिमले दिएको १४९ रनको लक्षयलाई पछ्याउँदै ठेरा क्रिकेट टिमले ९१ रन बनाएर अल आउट भई सबै विकेट गुमाएर पराजित भएको छ । टस जितेर ब्याटिङ गरेको रतौली क्रिकेट टिमले खेलेको आक्रामक खेल सबैका लागि आकर्षण बनेको थियो ।

उक्त खेलमा म्यान अफ दी म्याच अभिनन्दन ठाकुर घोषित गरिएको थियो । दूधमती युवा क्लब वडा नं २३ वेला जनकपुरधामको आयोजनामा जारी भएको प्रतियोगितामा धनुषा तथा महोत्तरी जिल्लाका गरी १६ टिमको सहभागिता रहेको छ । १३ दिनसम्म चल्ने प्रतियोगितामा विजय हासिल गर्नेका लागि प्रथम पुरस्कार ५५ हजार ५ सय ५५ र दोश्रो पुरस्कार २५ हजार ५ सय ५५ रुपैया , प्रमाण पत्र र कप रहेको आयोजक जनकपुरधाम उप महानगरपालिका वडा नं २३ का वडा अध्यक्ष राघबेन्द्र प्रसाद साहले बताए ।

उनले महामना राजेश्वर नेपाली टी ट्वेन्टी क्रिकेट प्रतियोगितालाई आगामी वर्षहरूमा निरन्तरता दिने र उक्त खेल जनकपुरधामको बेला लादो अवस्थित १४ बिघा जग्गा रहेको राजेश्वर नेपाली खेलकूद मैदानमा आयोजना गरिने शंखघोष गरेका छन् ।

## एसिया कप क्रिकेटमा नेपाल पाकिस्तानसँग पराजित




**टुडे समाचारदाता**

काठमाण्डु । एसिसी यू-१९ एसिया कप क्रिकेट प्रतियोगिताको पहिलो खेलमा नेपाल पाकिस्तानसँग ७ विकेटले पराजित भएको छ ।

जीतका लागि एक सय ५३ रनको विजयी लक्ष्य पछ्याएको पाकिस्तानले २६ दशमलव दुई ओभरमा दुई विकेट गुमाउँदै पूरा गर्‍यो । पाकिस्तानको लागि आजन आविसले सर्वाधिक ५६ रनको योगदान दिए । उनले ६२ बलमा आठ चौकासहित ५६ रनमा अविजित रहे । त्यस्तै पाकिस्तानी कप्तान साद बैगले ५० रन बनाए । उनले ५६ बलमा पाँच चौकासहित ५० रन जोडेका हुन् । मोहम्मद जिशानले आठ बलमा दुई चौका र दुई छक्कासहित २० रनमा अविजित रहे । नेपालका लागि गुलशन झाले दुई विकेट लिए भने आकाश त्रिपाठीले एक विकेट झारे ।

त्यसअघि संयुक्त अरब ईमिरेट्स (युएई) स्थित दुबइको आइसिसी एकेडेमी २ क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले ४७ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै एक सय ५२ रनको योगफल बनाएको थियो । नेपालका लागि उत्तम थापा मगरले अर्धशतक प्रहार गरे । उनले ७६ बलमा तीन चौका र दुई छक्काको मद्दतमा ५१ रनको योगदान दिएका हुन । त्यसैगरी नेपालका दीपेश कँडेलले ३१ रन बनाए । उनले छैटौं विकेटका लागि उत्तम थापामगरसँग ६८ रनको साझेदारी गरेका थिए । कँडेलले ५९ बलमा दुई चौका र एक छक्काको मद्दतमा ३१ रन बनाएका हुन् । सुरुआती ओपनर अर्जुन कुमालले २१ रन जोडे । उनले ३७ बलमा ३ चौका प्रहार गरे । खराब ब्याटिङ गरेको नेपालका लागि गुल्सन झा एक रनमै आउट हुँदा १७ ओभरमा ४६ रन जोड्दा नेपालले सुरुवाती पाँच विकेट गुमाएको थियो ।

त्यसैगरी कप्तान देव खनालले १३ बल खेल्दा शून्यमा आउट भए । आकाश त्रिपाठी छ रनमा आउट हुँदा तिलक भण्डारीले सात रन जोडे । सुवास भण्डारीले अविजित आठ रन बनाए । बलिङतर्फ पाकिस्तानका मोहम्मद जिशानले छ विकेट लिए भने अमिर हसनले दुई विकेट झारे । उबेद शाह र अली असफन्दले समान एक एक विकेट लिए । नेपालले दोस्रो खेल यही मङ्सिर २४ गते अफगानिस्तानतसँग खेल्नेछ ।

## आइटिएफ टेनिस : नेपाली मूलका आरबको समूह च्याम्पियन

**टुडे समाचारदाता**

कास्की । पोखरामा जारी अन्तर्राष्ट्रिय टेनिस महासङ्घ (आइटिएफ) को जे-३० प्रतियोगितामा पुरुष डबल्सतर्फ नेपाली मूलका अमेरिकी खेलाडी आरब सम्राट हाडा र जापानका रिकु हिगासीको जोडी च्याम्पियन बनेको छ ।

महिलातर्फ भने जापानका उता आसाकुरा र भारतका इशी महेश्वरीको जोडी प्रथम हुन सफल भयो । कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा पोखरा रङ्गशालास्थित टेनिस कोर्टमा शुक्रबार सम्पन्न डबल्सतर्फको फाइनल खेलमा भारतका ओजास मेलावाट र अधिराज ठाकुरको जोडीलाई ६-२, ६-३ मा पराजित गरी आरभ र रिकुको जोडी प्रथम हुन सफल भयो ।

महिलातर्फ भारतका भेनेला रेडी गारुगुपाटी र सायवी गौरव दलालको जोडीमाथि आसाकुरा र महेश्वरीको जोडीले ६-३, ६-३ मा जीत हासिल गरेको हो ।

यसैगरी प्रतियोगिताको पुरुषतर्फ उपाधिका लागि आरब सम्राट हाडा र एलेक्से सिवोइले प्रतिस्पर्धा गर्नेछन् ।

पुरुष एकलतर्फको शुक्रबार सम्पन्न सेमिफाइनलको खेलमा आरबले जापानका रिकु हिगासीलाई ६-३, ६-३ ले तथा एलेक्सेले भारतका जेसन डेभिडलाई वाकओभरमा जीत हासिल गर्दै फाइनलमा स्थान बनाए । महिलातर्फ जापानका उता आसाकुरा र भारतका अर्जान खोराकीवाला फाइनल पुगेका छन् । आसाकुराले भारतका अन्भि पुनागाण्टीलाई ६-१, ६-१ ले तथा खोराकीवालाले भारतकै भामिका शर्मालाई ६-१, ६-० मा पराजित गर्दै फाइनलमा स्थान बनाए ।

दुई सातादेखि सञ्चालन भइरहेको प्रतियोगिताको समापन शनिबार हुने आयोजक कास्की जिल्ला टेनिस सङ्घका अध्यक्ष एवं प्रतियोगिता संयोजक लोक गुरुङले जानकारी दिए।प्रतियोगिताको डबल्सतर्फको विजयी खेलाडीलाई गण्डकी प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री राजीव गुरुङ, प्रदेश खेलकुद परिषद् गण्डकीका उपाध्यक्ष ध्वजकुमार गुरुङ, प्रतियोगिता निर्देशक अजय विष्ट लगायतले पदक तथा प्रमाणपत्र र पुरस्कार वितरण गरेका थिए ।

प्रतियोगितामा पुरुषतर्फ ‘क्वालिफाइङ’ र ‘मेन ड्र’ गरी विभिन्न देशका ६४ खेलाडीको सहभागिता रहेको थियो । महिलातर्फ ४७ खेलाडीको सहभागिता रहेको आयोजकले जनाएको छ । प्रतियोगितामा खेलाडीहरुले अङ्कका लागि प्रतिस्पर्धा गरेका छन् । खेलाडीले प्राप्त गरेको अङ्कले उनीहरुको वरियता निर्धारण गर्नेछ । विजेता खेलाडीले ३० अङ्क, उपविजेताले १८, ‘सेमिफाइनलिष्ट’ले नौ, ‘क्वाटरफाइनलिष्ट’ले पाँच र अन्तिम १६ मा पुग्ने खेलाडीले आइटिएफको दुई अङ्क पाउने प्रतियोगिता निर्देशक विष्टले बताए ।

## रङ्गशालाकालागि बजेट विनियोजन भयो, कार्यान्वयन भएन

**टुडे समाचारदाता**

गलकोट । बागलुङको बाङ्गेचौर खेलमैदानलाई रङ्गशाला बनाउने योजना बनेको धेरै वर्ष बित्यो । रङ्गशाला निर्माणका लागि बजेट विनियोजन समेत भएर कार्यान्वयनमा आउन सकेको छैन ।

बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे भएर खेलाडीलाई सास्ती भएको बाङ्गेचौर खेलमैदानलाई रङ्गाशाला बनाउनका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) बन्यो, बजेट आयो तर कार्यान्वयन भने भएन ।बागलुङ नगरपालिकाले बाङ्गेचौर खेलमैदानलाई आधारभूत रङ्गशाला बनाउने गरी समपूरक योजनामा समावेश गरेकै चार वर्ष पुगेको बताइएको छ । यसका लागि आवश्यक रु आठ करोड २२ लाख बजेटसमेत विनियोजन भयो तर रङ्गशाला विस्तारमा वन बाधक बनेपछि कार्यान्वयनमा आउन नसकेको हो ।

बागलुङ नगरपालिकाको रु चार करोड ११ लाख र राष्ट्रिय योजना आयोगको सिफारिसमा विनियोजन भएको रु चार करोड ११ लाख बजेट तीन वर्ष लगातार आए पनि कार्यान्वयन गर्न नसकिएको बागलुङ नगरपालिकाले जनाएको छ । डिपिआरमा उल्लेख भएअनुसार रङ्गाशाला निर्माणका लागि रामरेखा सामुदायिक वनभित्रको झण्डै एक सय ५० रुख फडानी गर्न आवश्यक रहे पनि वनले समन्वय गर्न नसक्दा करोडौँको बजेट कार्यान्वयनमा नआएको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताए ।

“अघिल्ला जनप्रतिनिधिले साझेदारीमा योजना पार्नुभएको थियो, वार्षिकरूपमा ५०-५० प्रतिशतले नगरपालिका र सङ्घीय सरकारले बजेट हाल्दा तीन वर्षमा तीन हजार दर्शक अटाउने प्यारापिट बन्ने थियो”, उनले भने, “तर बजेट लगातार तीन वर्षसम्म आइरह्यो, हामीले अन्तिम वर्ष भए पनि कार्यान्वयनमा लैजाने भनेर लागिपर्यौँ, वनकै समस्याका कारण सकिएन ।”उपप्रमुख खड्काले बजेट आउञ्जेल वनले रुख कटान गर्न नदिएको जनाउँदै यस वर्षबाट बजेट कटौती गरेपछि वनले बल्ल सकरात्मक कुरा गरेको जानकारी दिए । बहुवर्षीय योजनाका रूपमा बजेट विनियोजन भए पनि संक्षिप्त वातावरणीय मूल्याङ्कनले रुख कटान गर्न नदिने जनाउँदै वातावरणीय प्रभाव मूल्याङ्कन गर्न एक वर्ष लाग्ने भएपछि बजेट कार्यान्वयनमा नआएको हो ।

तत्कालीन खेलकुद विकास समितिका अध्यक्ष धनबहादुर परियारको नेतृत्वमा पाँच वर्षअघि रङ्गशालाको विस्तृत प्ररियोजना प्रतिवेदन (डिपिआर) रु ३० लाख खर्चेर तयार गरिएको थियो। डिपिआरमा रङ्गाशाला बनाउन रु ३० करोडभन्दा बढी खर्च लाग्ने उल्लेख गरिएको थियो । डिपिआरअनुसार उपल्लो भागमा मध्यपहाडी लोकमार्गले छोएकाले तल्लो भागमा बढाउनुपर्ने र तल्लो भागमा एक सय ५० भन्दा बढी रुख कटान गर्न आवश्यक देखिएको थियो । रुख कटानपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आवश्यक रहे पनि उक्त काम गर्न एक वर्ष लाग्ने र सो समयमा बजेट ‘फ्रिज’ भइसकेको बागलुङ नगरपालिकाका इन्जिनियर सोविन घर्तीले जानकारी दिए ।

खेलमैदानको पूर्वतर्फ प्यारापिटलगायतको संरचना निर्माण भइसक्ने बेलामा बजेट कार्यान्वयनमा आउन नसक्नु दुःखद् रहेको जनाउँदै उनले वन मान्त्रालयमा फाइल डुल्दाडुल्दै बजेट फर्केको बताए । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको मध्यपहाडी पुष्पलाल लोकमार्गसँगै जोडिएको खेलमैदान सडकको मापदण्ड छाडेर बनाउँदा पूर्वपट्टिका रुख फडानी गर्नका लागि रामरेखा सामुदायिक वनसहित वन मन्त्रालयले चासो नदिएपछि बजेट कार्यान्वयनमा नआएको हो ।

रङ्गशाला ३५ रोपनी जग्गामा निर्माण गर्न थालिएको छ । स्थानीय पालिका र वनबीचको समझदारी समयमै नबन्दा विनियोजन भएको बजेट कार्यान्वयनमा नआउनु दुःखद् रहेको जिल्ला खेलकुद विकास समिति बागलुङका अध्यक्ष कुमार खड्काले जानकारी दिए । रङ्गाशाला निर्माणका लागि आएको बजेट कार्यान्वयन नहुँदा खेल क्षेत्रका लागि दुर्भाग्य रहेको उनको भनाइ थियो । “खेल क्षेत्रका लागि अत्यन्तै दुःखद् हो यो, यत्रो रङ्गशाला बन्दा सबैलाई फाइदै हुन्थ्यो, तर समयमै वन र नगरपालिकाबीच समझदारी बनेने”, उनले भने, “गण्डकी प्रदेशको पोखरापछिको ठूलो रङ्गशाला निर्माण हुने बागलुङमा बजेटसमेत कार्यान्वयनमा नआउँदा खेलाडीमा निराशा छाएको छ ।”

# कात्तिकेमेलामा झण्डै चार लाख तीर्थालु



**टुडे समाचारदाता**

बराहक्षेत्र । पछिल्लो समय सुनसरीको बराहक्षेत्रमा घुम्नआउने पर्यटकको सङ्ख्यामा वृद्धि हुन थालेको छ । हिउँद लागेसँगै बराहक्षेत्र धाममा घुम्न आउने आन्तरिक र बाह्य पर्यटकको सङ्ख्या दैनिक वृद्धि हुँदै गएको बराहक्षेत्र संरक्षण मञ्चका सचिव राजु घिमिरेले जानकारी दिए। उनले भने, “हिउँद लागेसँगै विशेषगरी कात्तिकेमेला र माघीमेलामा बढी तीर्थालु भक्तजन बराहक्षेत्र मन्दिर आउने गरेका छन् ।”

बराहक्षेत्र मन्दिरमा पूजाआजा एवं कोकाकौशिका नदी र सप्तकोशीको जलले स्नान गर्न धार्मिक पर्यटक यहाँ आउने गर्दछन्। उनले भने, “यसपटकको कात्तिकेमेलामा झण्डै चार लाख पर्यटक बराहक्षेत्र आएका छन् ।

”बराहक्षेत्र मन्दिरमा प्रत्येकवर्षहरिबोधनीएकादशीदेखि पूर्णिमासम्म कात्तिकेमेला लाग्ने गर्दछ । मेलामा नेपाल विभिन्न जिल्ला सहित भारतको बिहारबाट तीर्थालु भित्रिने गरेको बराहक्षेत्र नगरपालिका वडा नं १ का वडाध्यक्ष किसन थापाले बताए।

चार क्षेत्रमध्येको एक क्षेत्र मानिएको बराहक्षेत्रमा हिन्दू धर्मावलम्बीको पवित्र तीर्थस्थल रहेको बराहक्षेत्र मन्दिरका प्रधान पुजारी किरण भण्डारी बताए । उनले भने, “किंवदन्तीअनुसार पृथ्वी आकाशगङ्गामा हराएको बखत सम्पूर्ण प्राणीजगत्को उद्धार गरेर यस ठाउँमा बराह भगवान्को अवतार भएको मानिन्छ।

यही विश्वासले महिमागान गर्दै बराहक्षेत्रको दर्शन गर्न तीर्थालु आउने गर्दछन् ।”बराहक्षेत्रको दर्शन गर्नाले सुख, शान्ति प्राप्ति हुने विश्वास छ। साथै बराहक्षेत्र मन्दिरमा भाकल गर्ने, पूजा गर्ने, कोकाकौशिकानदीमास्नानगर्नाले पाप नष्ट भइ आनन्द प्राप्त हुने जनविश्वास छ।

# प्राधिकरणले बेच्यो रु १५ अर्ब २४ करोडको बिजुली

**चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि २० मङ्सिरसम्ममा रु १३ अर्ब २३ करोड ६७ लाखको विद्युत् निर्यात गरिएको छ । यस अवधिमा एक अर्ब ४७ करोड ६७ लाख युनिट विद्युत् निर्यात भएको छ । निर्यात गरिएको विद्युत्को औसत बिक्री दर प्रतियुनिट आठ रुपैयाँ ९६ पैसा छ ।**

**टुडे समाचारदाता**

काठमाण्डु । यस वर्षको वर्षायाममा रु १५ अर्ब २४ करोड बराबरको विद्युत् भारततर्फ निर्यात गरिएको छ । नेपाल विद्युत् प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् यस वर्ष गत जेठ २८ बाट भारतीय बजारमा बिक्री सुरु गरेको थियो ।

प्राधिकरणले यस वर्षको जेठदेखि २० मङ्सिरसम्ममा एक अर्ब ७३ करोड ७१ लाख युनिट विद्युत् निर्यात गरी रु १५ अर्ब २३ करोड ८० लाख आर्जन गरेको हो । प्राधिकरणले यस अवधिमा दैनिक रुपमा अधिकतम सात सय मेगावाटसम्म विद्युत् निर्यात गरेको थियो । निर्यात गरिएको विद्युत्को औसत बिक्री दर प्रतियुनिट आठ रुपैयाँ ७७ पैसा छ।

चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि २० मङ्सिरसम्ममा रु १३ अर्ब २३ करोड ६७ लाखको विद्युत् निर्यात गरिएको छ। यस अवधिमा एक अर्ब ४७ करोड ६७ लाख युनिट विद्युत् निर्यात भएको छ । निर्यात गरिएको विद्युत्को औसत बिक्री दर प्रतियुनिट आठ रुपैयाँ ९६ पैसा छ।सुक्खायाम सुरु भएसँग खोला तथा नदीहरुमा पानीको बहाव घटी देशभित्रका जलविद्युत् गृहहरुबाट उत्पादन घट्न सुरु भएको छ । तर जाडोसँगै आन्तरिक माग बढेपछि त्यसलाई पूर्ति गर्न भारतीय बजारबाट विद्युत् आयात सुरु भएको छ। शुक्रबार रातिबाट विद्युत् निर्यात बन्द हुनेछ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अहिले दैनिक रुपमा विद्युत्को अधिकतम माग एक हजार सात सय मेगावाटको हाराहारीमा रहेको र त्यसलाई पूर्ति गर्न आन्तरिक उत्पादनले मात्र नधान्ने हुँदा थोरै परिमाणमा विद्युत् आयात सुरु गरिएको बताए । “अहिले विद्युत् उत्पादन र माग करिब करिब बराबरी छ, हाम्रा अर्धजलाशययुक्त विद्युत् गृहहरुमा दिउँसो र राति पानी जम्मा गरी साँझ र बिहानको पिक सययमा चलाइरहेका छौं”, कार्यकारी निर्देशक घिसिङले भने ।“पिक समयमा आयात गर्दा विद्युत्को दर महँगो पर्छ भने दिउँसो र रातिको दर सस्तो पर्छ, त्यसैले देशभित्रका अर्धजलाशययुक्त आयोजनाहरुमा दिउँसो र राति पानी जम्मा गरी उक्त समयमा आयात गर्दा सस्तो दरमा पाइने विद्युत् थोरै परिमाणमा मात्र आयात सुरु गरिएको छ”, उनले भने ।




उनले चैत र वैशाखमा विद्युत् आयातको परिणाम केही बढेता पनि यस वर्ष आयातभन्दा निर्यात बढी भई खुद निर्यातकर्ता बन्ने अवस्था प्रक्षेपण गरिएको जानकारी दिए । “आगामी वैशाखको दोस्रो हप्ताबाट विद्युत् निर्यात पुनः सुरु हुने छ।

यस वर्ष करिब नौ सय मेगावाट राष्ट्रिय प्रसारण प्रणालीमा थपिँदैछ, त्यसैले अर्को वर्ष करिब रु २५ अर्बको विद्युत् निर्यात हुनेछ”, घिसिङले थपे, “दुई देशबीचको प्रसारण सञ्चालन सुधारका लागि ठूलो क्षमताका लाइनहरु बनिरहेका छन् भने देशभित्र पनि जलविद्युत् आयोजनाहरुको निर्माण भइरहेका छन् त्यसैले आगामी पाँच वर्षभित्रमा वार्षिक रुपमा करिब रु एक खर्ब बराबरको विद्युत् निर्यात हुने अवस्था बनिरहेको छ।”

प्राधिकरणले जेठमा रु २१ करोड ६० लाख, असारमा रु एक अर्ब ७८ करोड ५३ लाख, साउनमा रु दुई अर्ब १४ करोड ७६ लाख र भदौमा रु तीन अर्ब ४७ करोड ८५ लाख बराबरको विद्युत् निर्यात गरेको छ । यसैगरी, असोजमा रु चार अर्ब १७ करोड ७७ लाख, कात्तिकमा रु दुई अर्ब ६९ करोड ७० लाख र २० मंसिरसम्ममा रु ७३ करोड ५९ लाख विद्युत् निर्यात गरी आर्जन भएको छ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ। प्राधिकरणले आइएक्सको डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब एक सय १० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि-एनभिभिएनलाई बिक्री गरिरहेको थियो । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरेको थियो।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिइएकै पाँच सय २२ मेगावाटमध्येबाट पहिलो चरणमा करिब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्रीलाई पनि अनुमति दिएको छ। नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय ४७ मेगावाट र एनभिभिएनलाई एक सय १० मेगावाट गरी छ सय ५७ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ।

# मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ। केन्द्रीय बैंकको सञ्चालक समितिको शुक्रबारको बैठकले उक्त नीतिको समीक्षा पारित गरेपछि सार्वजनिक गरिएको हो ।

उक्त समीक्षामा विद्यमान मुद्रास्फीतिलाई प्रभाव पार्ने विभिन्न पक्षहरुको विश्लेषण, शोधनान्तर स्थिति र निजी क्षेत्रतर्फ जाने बैंक कर्जाको वृद्धिदरलाई दृष्टिगत गरी बैंक दरलाई सात दशमलव पाँच प्रतिशतबाट घटाई ७ प्रतिशत कायम गरिएको छ।

यस्तै, नीतिगत दरलाई छ दशमलव पाँच प्रतिशतबाट घटाई पाँच दशमलब पाँच प्रतिशत र निक्षेप सङ्कलन बोलकबोल दरलाई चार दशमलव पाँच प्रतिशतबाट घटाई तीन प्रतिशत कायम गरिएको छ। यसैगरी अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी व्यवस्थालाई यथावत राखिएको छ। बैंक तथा वित्तीय संस्थाले निष्काशन गरेको डिबेन्चरलाई २०८० पुससम्मका लागि स्रोतकारुपमा समेत शतप्रतिशत गणना गर्न पाउने व्यवस्था रहेकोमा सो पश्चात् उक्त डिबेन्चरको ५० प्रतिशत रकम २०८१ असारसम्मका लागि स्रोतका रुपमा गणना गर्न पाउने व्यवस्था मिलाउने व्यवस्था गरिएको छ।

# हराउँदै छन् काठका ठेकी

**टुडे समाचारदाता**

मन्थली । रामेछापको मन्थली नगरपालिका-१३ फुलासीका धनबहादुर विश्वकर्माले काठको ठेकी बनाएर जीविकोपार्जन गर्दै आएका छन् ।उनी धेरै मेहनतका साथ खोलाको पानीलाई डोहोऱ्याएर उच्च स्थानमा ल्याई त्यहाँबाट झरेको पानीको सहायताले काठका ठेकी बनाउछन् । रामेछाप र दोलखाको सिमानाबाट बग्ने मिल्ती खोलाको पानीको साहाराले काठमा जीवन्त कला भरेर काँचो काठलाई आकारमा ढाल्नुहुन्छ धनबहादुर।

दिनभर काम गर्दा पनि राम्रो अर्थोपार्जन नहुने भएपछि यो पेसा युवा पुस्ताले सम्हालेनन् र गर्ने अरुले पनि सबैले छोड्दै गएको उल्लेख गर्दै उनी भन्छन्, “मेहनत धेरै गर्नुपर्छ, कामअनुसारको आम्दानी हुँदैन । धेरै दुःख गर्नुपर्ने भएकाले नयाँ पुस्ताले यो पेसाप्रति चासो दिनै छाडे ।” पानी भएको खोल्साखोल्सीमा निर्माण गरिएको ठेकी भाँडा बनाउने ठाउ (चुँदारो) चिसोमा बस्नुपर्ने हुँदा स्वास्थ्य समस्याको जोखिम छ । “हाम्रो पुर्ख्यौली पेसा सङ्कटमा पर्न थालेको छ । यसको संरक्षणमा सरकारले ध्यान दिए हुन्थ्यो।

धनबहादुर जोड दिन्छन्, “हामीले बलकै भरमा परम्परागतरूपमा काम गरिरहेका छौं । बाउबाजेले जसरी गरे, हामीले पनि त्यसरी नै काम गर्दै आएका छौं। आधुनिक उपकरण खरिद गर्नका लागि स्थानीय सरकार तथा सरोकारवाला पक्षबाट सहयोग आवश्यक छ तर यो पेसा संरक्षणमा कसैको पनि सहयोग छैन।”काठको सामग्री बनाउन दार, पँयले, लौठसल्ला, मौवा, कटहरलगायत रुखको काठ उपयोगी हुने बताइन्छ। उहाँका अनुसार पछिल्लो समय त्यस्ता काठसमेत अभाव हुँदै गएको छ। काममा त दुःख छँदैछ। अझ काठको पनि अभाव छ । गाउँले आफैँले काठ खोजेर ल्याए भने बनाउन सकिन्छ।

परम्परागतरूपमा काठबाट बनेका ठेकी, पाथी र मानालगायत वस्तु लोप हुने अवस्थामा पुगेका छन् । परम्परागतरूपमा काठबाट निर्मित कलात्मक तरिकाले कुँदिएका दूध दुहुने ढुङ्ग्रो, दही जमाउने ठेकी, अन्न भर्ने पाथी र माना तथा घ्यू जमाउने हर्पे, मोही पार्ने घुर्रोजस्ता वस्तु उत्पादन भएर त्यतिकै मात्रामा गाउँमा बिक्री हुने गरेको थियो । अहिले गाउँमा ती वस्तु लोप हुने अवस्थामा पुगेका छन्।



पहिला प्लास्टिक, सिलाबर र स्टिलबाट बनेका ठेकीजस्ता भाँडा भेट्न मुस्किल हुन्थ्यो । त्यसकारण काठबाट बनेका वस्तु बिक्री वितरण हुने गर्दथे तर अहिले जताततै प्लास्टिकका वस्तु प्रयोग भएकाले काठबाट बनेका वस्तु लोप हुन थालेको मन्थली नगरपालिका-१३ का ओमकार अधिकारी बताउछन् । उनी भन्छन्, “पहिला प्लास्टिक, सिलाबर र स्टिलबाट बनेका भाँडाको सट्टामा गाउँकै सामुदायिक वन र व्यक्तिको बारीको कान्लामा हुने ठूलो रुख कटहर र दारका काठबाट ठेकी निर्माण गरिन्थ्यो तर अहिले गाउँमा काठको अभावमा यो पेसामा लाग्ने व्यक्तिसमेत पलाएन भइसके।”

ठेकी व्यवसायी विश्वकर्मा भन्छन्, “अहिले सामुदायिक वनमा काठ काट्न पाइँदैन। अर्कातिर व्यक्तिको घर कान्लाका रुख पनि मासिँदै गए । पहिला पहिला काठबाट बनेका ठेकीको माग अत्यधिक हुन्थ्यो । अहिले गाउँघरमा भैँसीगाई पाल्नै छाडे । कसैले पालिहाले भने पनि दूध सिधै डेरीमा बिक्री गर्न थाले”, दही जमाउने माटका भाँडा तथा आधुनिक प्रविधि आएका कारण पनि यो पुस्तौँदेखि गर्दै आएको पेसा लोप हुन लागेको हो। पहिला ठेकी पुऱ्याउन नै गाह्रो हुन्थ्यो । अहिले बनेका ठेकीसमेत बिक्री नभएर घरमा थन्काउन बाध्य हुनुपरेको छ। घरमा सजावटका लागि केहीले किने भने मात्र नत्र ठेकीको व्यापार धेरै कम भइसक्यो।

काठबाट बनेको ठेकीमा दूध जमाउँदा राम्रो र मिठो दही बन्ने गर्दथ्यो। काठको ठेकीमा पारेको मोही अत्यन्तै मिठो र स्वादिलो हुने गर्दथ्यो तर प्लास्टिक, सिलाबर र स्टिलबाट बनेका भाँडामा जमाएको दही, मही र घ्यूको स्वाद काठको ठेकीमा जमाएको जस्तो नहुने अर्का स्थानीयवासी माइकल चौहान बताउछन्।

अर्का स्थानीयवासी माधव कार्की भन्छन्, “अहिले बजारमा जताततै प्लास्टिक, स्टिल र सिलाबरका सामान निस्किए तर पनि ती प्लास्टिक, सिलावर र स्टिलबाट बनेका भाँडामा राखेको दूध बिग्रने गरेको छ । काठबाट बनेको ठेकीजस्तो बजारमा पाइने आल्मुनियमका ठेकी हुँदैनन्। त्यतिमात्र होइन यस्ता भाँडामा जमाएको दूधबाट बनेका परिकारसमेत मानव स्वास्थ्यको लागि गुणकारी हुँदैन । विशेषगरी दलित समुदायको विक र सार्की जातिले मात्र अपनाएको यो पेसा सङ्कटमा पर्दै जाँदा उनीहरुको रोजीरोटी पनि खोसिँदै गइरहको छ । सरकारले यस्ता पेसालाई संरक्षण गर्नसके पछिल्लो पुस्ताले पनि ठेकीलगायत काठजन्य वस्तु उत्पादनका बारेमा जानकारी पाउने मन्थली माविका प्रधानाध्यापक टङ्कप्रसाद दाहाल बताउछन्।

# पर्यटकको रोजाइमा महाकाली पुल

**टुडे समाचारदाता**

बेदकोट । कञ्चनपुरको महाकाली नदीमाथि निर्माण भएको चार लेनको पक्की पुल पर्यटकका रोजाइमा परेको छ । पुल अवलोकन गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको हो।

पक्की पुलमा फोटो तथा भिडिओ कैद गर्नेको पछिल्लो समय भीडभाड लाग्ने गरेको दोधारा चाँदनी नगरपालिका-१ का वडाध्यक्ष विक्रम चन्दले जानकारी दिए। “पक्की पुलले यहाँ पर्यटकको आवागमनलाई बढाएको छ । पछिल्लो समय पुल अवलोकनका साथै तस्वीर र भिडिओ खिच्नेको भीडभाड लाग्छ”, उनले भने, “पुल हेर्न भारतबाट पनि पर्यटक आउने गर्छन्।”

उनका अनुसार तुलनात्मकरूपमा सार्वजनिक बिदाको समयमा पुलमा आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने गरेको छ। पक्की पुलबाट महाकाली नदी, दोधारा चाँदनी झोलुङ्गे पुल, शारदा ब्यारेजको अवलोकन गर्न सकिन्छ।

“यहाँ पुग्दा सामुद्रिक तटमा पुगेजस्तो महसुस भयो। सूर्यास्तको सुन्दर दृश्यलाई पृष्ठभूमिमा राखेर पुलबाट तस्वीर कैद गर्न सकिन्छ”, पक्की पुल अवलोकन गर्न पुग्नुभएका कञ्चनपुरको कृष्णपुर नगरपालिका-४ का लक्ष्मीकान्त भट्टले भने, “पर्यटनको प्रचुर सम्भावना बोकेको यसको व्यापक प्रचार-प्रसार हुनु जरुरी छ ।”कैलाली, कञ्चनपुरका साथै सीमावर्ती भारतीय सहरका बासिन्दा पुल अवलोकनका लागि पुग्ने गरेका छन् । पक्की पुल अवलोकनकालागिपुग्नेपर्यटकको रोजाइमा दोधारा चाँदनी झोलुङ्गे पुल, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलगायत पनि पर्ने गरेका छन्। पक्की पुल निर्माणले दोधारा चाँदनी क्षेत्रमा आवातजावत बढेसँगै यहाँको व्यापार-व्यवसाय पनि फस्टाउँदै गएको छ।



“यहाँ बाटो नहुँदा निकै समस्या थियो। गडिगोठको बाटो प्रयोग गर्दा भारतीयले सास्ती गर्थे”, दोधारा चाँदनी-१ का होटल व्यवसायी नबहादुर बमले भने, “पक्की पुलले मानिसको भीडभाड पनि बढेको छ। व्यापार पनि राम्रो छ ।” विसं २०७४ देखि निर्माण सुरु भएको पुल आयोजनाअन्तर्गत चार लेनको पक्की पुल निर्माण भइसकेको छ।गड्डाचौकीबाटदोधाराचाँदनीको मलेरिया नालासम्म आठ किलोमिटर पहुँचमार्ग र पुलको दुवैतर्फ निर्माणाधीन पोखरीको तटबन्धको काम अन्तिम चरणमा पुगेको छ । महाकालीमा पक्की पुल निर्माण भएसँगै दोधारा चाँदनी सदरमुकाम महेन्द्रनगरसँग जोडिएको छ।

# भूकम्प प्रभावितले २५ लाखसम्मको घर कर्जा पाउने

**टुडे समाचारदाता**

काठमाण्डु । जाजरकोट भूकम्प प्रभावितले रु २५ लाखसम्मको आवासीय घर कर्जा आधार दरमा अधिकतम २ प्रतिशत बिन्दुमा प्राप्त गर्न पाउनेभएका छन् ।नेपाल राष्ट्र बैंकले चालु आवको मौद्रिक नीतिको पहिलो समीक्षामार्फत गत कात्तिकमा गएको भूकम्पका कारण क्षतिग्रस्त घरको पुनःनिर्माणका लागि सो व्यवस्था गरेको हो । यस प्रयोजनका लागि साविकको कर्जा-धितो अनुपातमा बैंक तथा वित्तीय संस्थाले १० प्रतिशत वा सोभन्दा बढी बिन्दुसम्म थप गर्न सक्ने व्यवस्था गरिने छ।

भूकम्पबाट क्षतिग्रस्त सार्वजनिक विद्यालय, सार्वजनिक अस्पताल तथा स्वास्थ्य चौकीको पुनःनिर्माणका लागि बैंक तथा वित्तीय संस्थाले आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को मुनाफाबाट सामाजिक उत्तरदायित्व कोषमा छुट्ट्याई खर्च गर्नुपर्ने रकमको ४० प्रतिशतसम्म योगदान गर्न सक्ने व्यवस्था पनि गरिनेछ । साथै केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने रियल स्टेट कर्जा र रु ५० लाखभन्दा बढीको शेयर धितो कर्जाको जोखिम भार घटाई १२५ प्रतिशत कायम गरेको छ। साथै रु ५० लाखसम्मको आवास कर्जाको हकमा मासिक किस्ता आम्दानी अनुपात बढाई ६० प्रतिशत कायम गरेको छ।




समीक्षामा ननडेलिभरेबल फरवार्ड कारोबार र स्थानीय विप्रेषण कारोवारकोसीमासम्बन्धीव्यवस्थामा पुनरावलोकन गरिने उल्लेख छ । लघुवित्त वित्तीय संस्थाले आफ्नो नियमित सम्पर्कमा रहेका तर परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीहरुले कर्जा पुनरसंरचनाका लागि संस्थामा २०८० चैतसम्म निवेदन दिएमा त्यस्ता ऋणीहरुको कर्जालाई पुनरसंरचना गर्न सक्ने व्यवस्था पनि समीक्षामार्फत गरिएको छ।

मौद्रिक नीतिको कार्यदिशा, संरचना, लक्ष्य र उपकरणका सम्बन्धमा सुझावका लागि बाह्य विज्ञहरु सम्मिलित मौद्रिक नीति सल्लाहकार समिति गठन गर्ने समेत व्यवस्था समीक्षामार्फत गरिएको छ।

# धुलो र धुवाँले पर्यटकलाई सास्ती

**टुडे समाचारदाता**

बेनी । केही वर्षअघिसम्म विदेशी पर्यटकले खचाखच हुने म्याग्दीको प्रमुख पर्यटकीयस्थल पुनहिल क्षेत्रमा पछिल्ला वर्षमा आन्तरिक पर्यटकको आगमन बढ्दो छ। पर्यटक याममा दैनिक तीन सय ५० जनाको हाराहारीमा विदेशी पर्यटक आउने अन्नपूर्ण गाउँपालिका-६ मा अवस्थित पुनहिल, घोडेपानी क्षेत्रमा यो वर्षको पर्यटकयाममा एक सय ५० जनाको हाराहारीमा मात्रै विदेशी पर्यटक भित्रिए । पछिल्ला वर्षमा घोडेपानीका होटल व्यवसायीले पर्यटकलाई लक्षित गरेर सुविधासम्पन्न होटल खोल्ने लहर नै चलेको छ । पुराना होटल व्यवसायीले होटलको क्षमता र सुविधा बढाएका छन्। पहिले छाप्रोबाट होटल सुरु गरेका व्यवसायीले अहिले घोडेपानीमा पक्की घर नै बनाएर सुविधायुक्त होटल सञ्चालन गरिरहेका छन्।

होटलको क्षमता र सुविधा विस्तारले पर्यटकलाई सुविधा पुगे पनि पुनहिल क्षेत्रको भ्रमणमा आउने विदेशी पर्यटकको सङ्ख्या घट्दै गएको घोडेपानीका होटल व्यवसायी क्याप्टेन डमबहादुर गर्बुजा पुनले बताए। “घोडेपानीमा एक दिनमा एक हजार दुई सय जनालाई सहजैरूपमा खाना र बसोबासको प्रबन्ध मिलाउन सक्ने क्षमता छ, व्यवसायीले पनि होटल क्षेत्रमै सुविधा बढाउन र स्तरीय बनाउन लगानी गरिरहेका छन्, तर विदेशी पर्यटक आउने सङ्ख्या हरेक वर्ष घट्दै गएको छ”, उनले भने।

गत साउनदेखि मङ्सिर दोस्रो सातासम्म पुनहिल क्षेत्रमा १२ हजार तीन सय ६१ जना विदेशी पर्यटकले भ्रमण गरेका छन् । विगतका वर्षको तुलनामा यस वर्षको विदेशी पर्यटकको सङ्ख्या कम रहेको होटल व्यवसायी बताउँछन् । घोडेपानी पुनहिल क्षेत्रमा विदेशी पर्यटकको सङ्ख्या घट्नुको प्रमुख कारण कच्ची सडकले पदमार्गलाई विस्थापित गर्नुलाई मानिएको छ । जर्मनका १२ पर्यटकलाई पुनहिल क्षेत्रको भ्रमणमा ल्याएका मल्टि एडभेन्चर कम्पनीका डाइला शेर्पाले अन्नपूर्ण पदमार्ग क्षेत्रमा बढ्दो कच्ची सडक र धुलोको कारण विदेशी पर्यटकको आकर्षण घट्दै गएको बताए।

विगत २० वर्षदेखि अन्नपूर्णलगायतका मुलुकका विभिन्न क्षेत्रमा पर्यटक घुमाउने काममा सक्रिय शेर्पाले पदमार्गलाई मास्ने र विस्थापित गर्नेगरी खनिएका सडकका कारण पुराना स्थापित पर्यटकीय गन्तव्यमा विदेशी पर्यटकको रोजाइ घट्दो रहेको बताए । “विदेशी नेपालको रमणीय डाँडाकाँडा र पहाडमा पदयात्रा गर्न आउने हुन्, अब सडकले सबै पदमार्गलाई विस्थापित गर्दै खनिएका छन्, कच्ची सडकमै पर्यटकलाई धुलो धुँवा खुवाएर हिँडाउनुपर्छ, यो उनीहरूलाई मन पर्ने कुरा भएन, त्यसैले सडकले विस्थापित भएका ट्रेकिङ ट्रेललाई सडकले नछुने गरी पुनःनिर्माण गर्न जरुरी छ”, उनले भने । उनका अनुसार चक्रीय अन्नपूर्ण पदमार्ग क्षेत्रमा सडक विस्तारले पदमार्ग विस्थापित भएका छन् भने पर्यटकको यात्रा अवधिसमेत छोटिएको छ। रासस

### जसपा सप्तरीमा भाँडभैलो

# जिल्ला देखि पालिका सम्म समानान्तर समिति



टुडे समाचारदाता

राजविराज । जनता समाजवादी पार्टी (जसपा) नेपाल सप्तरीमा भाँडभैलो मच्चिएको छ । संस्थापन पक्ष र असन्तुष्ट पक्षद्वारा एक अर्कामाथि पार्टी हित विपरीत गतिविधि गरेको आरोप-प्रत्यारोपसहित निष्काशन र जिल्ला हुदै क्षेत्र, नगर तथा गाउँपालिकाहरुमा समेत छुट्टाछुट्टै समिति पुनर्गठन र निर्माण गर्ने कार्य तीव्र बनेपछि भाँडभैलो मच्चिएको छ ।

अहिले जिल्ला देखि पालिकास्तरमा गठित दुईवटा समितिले एक अर्कालाई अवैधानिक र आफूलाई वैधानिक भएको दाबी गर्दै विभिन्न गतिविधि अघि बढाएको छ । जसकारण कुनै पक्षमा नलागेर स्वतन्त्र भइ वसेका कार्यकर्ताहरुमा अन्योलता र निराशा छाएको छ ।

आन्तरिक विवाद चर्किदै गएपछि पार्टीका नेता कार्यकर्ता स्पष्ट रुपमा अहिले दुई खेमामा विभाजित भएका छन् । एक पक्षको नेतृत्व संस्थापन पक्षका जिल्ला अध्यक्ष केदार प्रसाद यादवले गरिरहेका छन् भने अर्को पक्षको नेतृत्व असन्तुष्ट पक्षको भेलाद्वारा गठित समितिको जिल्ला अध्यक्ष उमेश प्रसाद यादवले गरिरहेका छन् ।

असन्तुष्ट पक्षको भेलाद्वारा गठित उमेश प्रसाद यादव नेतृत्वको समितिद्वारा धमाधम जिल्लाको सबै पालिकामा विभिन्न तहको समितिहरु गठन भइरहेको छ भने संस्थापन पक्षका अध्यक्ष केदार यादवद्वारा पनि कारबाहीसँगै विभिन्न पुरानो कमिटीहरुको पुनर्गठन गर्ने काम भइरहेको छ ।

उमेश प्रसाद यादवको पक्षमा खुलेरै पार्टीका कार्यकारिणी सदस्य एवं पूर्वमन्त्री रेणु यादव, राजनीतिक समिति सदस्य एवं प्रदेशका पूर्वअर्थमन्त्री शैलेन्द्र प्रसाद साह, विनोद चौधरी, केन्द्रीय सदस्यहरु दीपक यादव, जगदेव यादव, शैलेन्द्र मोहन झा, मधेश प्रदेशका पूर्वउपाध्यक्ष शम्भु झा, बालनबिहुल गाउँपालिकाका पूर्वअध्यक्ष दयानन्द गोइत, पूर्वसांसद डा. सूर्यनारायण यादव, समाजवादी यूवा संघका जिल्ला अध्यक्ष शिवम यादव, युवा नेता निरज मुक्ति, सत्यनारायण यादव, मो. शबिर, निलेश झा, दयानन्द गोइत, भिमराज यादवलगायतका नेताहरुले साथ दिइरहेका छन् ।

पूर्वमन्त्री रेणु यादवले पार्टी भित्र आन्तरिक प्रजातन्त्र कायम गर्न तथा पार्टीको गिर्दो साखलाई जोगाउन आफूहरु विद्रोहमा उत्रेको बताएकी छन् । आफूहरुको विद्रोह नेतृत्वमा देखिएको तानाशाही प्रवृत्ति तथा पार्टीलाई जीवन्तता प्रदान गर्नका लागि भएको उनले बताउँदै आएकी छन् ।

विवादकैबीच असन्तुष्ट पक्षका अध्यक्ष उमेश यादव नेतृत्वको जिल्ला कार्यसमितिले विभागीय प्रमुख, जिल्ला तथा पालिकाहरुमा इन्चार्ज समेत तोकेका छन् ।

युवा विद्यार्थी विभागको प्रमुखमा निरज मुक्तीलाई र महिला विभागमा गुलजारी देवी यादवलाइ जिम्मेवारी दिइएको छ । त्यस्तै शिक्षक तथा बुद्धिजीवि विभाग प्रमुखमा दयानन्द गोइत, प्रचार प्रसार विभाग तथा प्रवक्तामा निलेश कुमार झा, आर्थिक विभागमा सुचिता कुमारी यादवलाई जिम्मेवारी दिइएको छ ।

यसैगरि पालिकातर्फ हनुमाननगर कंकालिनी नगरपालिकामा उपेन्द्र मंडल, तिरहुत गाउँपालिकामा जय प्रकाश यादव, महदेवा गाउँपालिकामा अभिनव यादव, तिलाठी कोइलाडी गाउँपालिमा सुचिता कुमारी यादव, राजविराज नगरपालिकामा गुलाब यादव, छिन्नमस्ता गाउँपालिकामा ब्रम्हदेव साहलाई इन्चार्जको जिम्मेवारी तोकिएको छ ।

यस्तै विष्णुपुर गाउँपालिकामा रामेश्वर यादव, राजगढ़ गाउँपालिकामा संतोष मंडल, डाक्नेश्वरी नगरपालिकामा बिजली यादव, शम्भुनाथ नगरपालिकामा धनराज मंडल, खड्क नगरपालिकामा भोला साह, बोदेबरसाइन नगरपालिकामा घुरन कुमार यादव, बलान विहुल गाउँपालिकामा मुखलाल यादव, रुपनी गाउँपालिकामा विरेन्द्र चौधरी, कंचनरुप नगरपालिकामा निलेश कुमार झा, सप्तकोशी नगरपालिकामा संजय मिश्र, सुरुङ्गा नगरपालिकामा दयानन्द गोइत तथा अग्निसाइर कृष्णासवरण गाउँपालिकामा बिन्देश्वर राउतलाई इन्चार्जको जिम्मेवारी दिइएको छ ।

संस्थापन पक्षका जिल्ला अध्यक्ष केदार प्रसाद यादवले असन्तुष्ट पक्षका कुनै पनि गतिविधिमा नलाग्न नेता कार्यकर्तालाई आग्रह गर्दै आएका छन् । उनी भन्छन्, "आफूहरुसँग नै जसपा सप्तरीको आधिकारिता रहेको छ, पार्टीको विधान र पद्धति विपरीत भएको असन्तुष्ट पक्षको भेलाबाट स्वघोषित पदाधिकारी र उनीहरुबाट गठित सबै समिति अवैधानिक हुन् ।"

"जिल्ला समितिमा आफूहरु निर्वाचित भएर आएकोले यसलाई कसैले पनि अवैधानिक भन्न मिल्दैन्, उनले भने, "पार्टीको विधान, परिपत्र र पद्धति विपरीत भेला गरी गठन गरिएको समिति अवैधानिक हो, पुरानो जिल्ला कार्यसमितिका ४८ मध्ये ४५ जना यतै रहेकाले आफूहरुको समिति नै अधिकारिक र वैधानिक हो ।"

यसैबीच संस्थापन पक्षले भातृसंगठन समाजबादी युवा संघ सप्तरीको विस्तारीत भेलाबाट केदार प्रसाद यादवको अध्यक्षतामा ३१ सदस्यीय समाजवादी युवा संघ सप्तरी जिल्ला कार्यसमिति गठन गरेको छ ।

संस्थापन पक्षमा पार्टीका कार्यकारणी सदस्य एवं राष्ट्रिय सभासदस्य मृगेन्द्र कुमार सिंह यादव, कार्यकारिणी सदस्य एवं प्रतिनिधिसभा सदस्य नवलकिशोर साह, कार्यकारिणी सदस्य एवं प्रदेशसभा सदस्य मनिष सुमन लगायतका नेताहरु उभिएको जसपा मधेश प्रदेश समितिका मुख्य सचिव दिनेश कुमार यादवको भनाइ छ ।

उनले पार्टीका मधेश प्रदेश अध्यक्ष रामबाबु कुमार यादवको अध्यक्षतामा बसेको प्रदेश बैठकले सप्तरीमा केदार प्रसाद यादव र पर्सामा रामनरेश यादवकै अध्यक्षता रहेको जिल्ला समिति आधिकारिक रहेको तथा पूर्वाग्रही र विधान विपरीत गठित समितिहरुले कार्यकर्तामा भ्रम मात्र छर्ने काम गरेको निर्णय गरेको जानकारी दिए ।

मुख्य सचिव यादवद्वारा नै जारी विज्ञप्तिमा औचित्यहीन, हल्ला फिजाइएका कथित समानान्तर समितिको गतिविधिमा नलाग्न सबै नेता कार्यकर्ताहरुसंग आग्रह समेत गरिएको छ ।

जसपाका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवको गृह जिल्ला तथा पुरानो निर्वाचन क्षेत्रमा देखिएको यस्तो विवादले अन्ततः समग्र पार्टी संगठनलाई नै घाटा पुऱ्याउने जसपा राजनितिक समितिका सदस्य अमरनाथ मण्डलको भनाइ छ । उनले सप्तरीमा देखिएको विवाद उत्कर्षमा पुगेको भन्दै समाधानका लागि केन्द्रीय समितिले तत्काल पहल गर्नु पर्नेमा जोड दिएका छन् । असन्तुष्टिलाई जुंङ्गाको लडाई नबनाइ पार्टी हितमा दुबै पक्ष मिलेर जानु नै बुद्धिमानी हुने उनको कथन छ ।

> जसपाका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवको गृह जिल्ला तथा पुरानो निर्वाचन क्षेत्रमा देखिएको यस्तो विवादले अन्ततः समग्र पार्टी संगठनलाई नै घाटा पुऱ्याउने जसपा राजनितिक समितिका सदस्य अमरनाथ मण्डलको भनाइ छ ।

# प्रदेश सम्मेलनका लागि उप समिति गठन

टुडे समाचारदाता

जनकपुरधाम । पुस ५ र ६ गते नेपाली कांग्रेस मधेश प्रदेश कार्यसमितिको आयोजनामा हुने प्रथम प्रदेश सम्मेलनलाई भव्यताका साथ सम्पन्न गर्न विभिन्न उप समिति गठन गरिएको छ ।

बिहीबार सभापति कृष्ण प्रसाद यादवको सभापतित्वमा कार्यसम्पादन समितिको पदाधिकारी एवं सदस्यहरुको बैठकले विभिन्न उप समिति गठन गरेको जनाइएको छ ।

उप समिति अन्तर्गत अर्थ समितिका संयोजकमा प्रदीप कुमार यादव, कोषाध्यक्ष सहमहामन्त्री जय नारायण प्रसाद यादव तथा सदस्यमा ममता महतो, सितल प्रसाद यादव र रामबाबु साहलाई जिम्मेवारी दिइएको छ ।

त्यस्तै आर्थिक व्यवस्थापन समितिका संयोजकाम नागेन्द्र प्रसाद साह तथा सदस्यहरुमा बिन्दु कुमारी यादव (सहमहामन्त्री), शेष नारायण यादव (प्रदेश सदस्य),नितेश कुमार गुप्ता (प्रचार विभाग प्रमुख),पाण्डव मण्डल (प्रदेश सदस्य),सुनिल ठाकुर (प्रदेश सदस्य),सोनी बोम्जन (प्रदेश सदस्य), राजेश गिरी (प्रदेश सदस्य) र जवाहर यादव (गाउँपालिका महासंघ अध्यक्ष) लाई जिम्मेवारी दिइएको छ ।

यसैगरि आवास तथा भोजन व्यवस्थापन समितिका संयोजकमा शेष नारायण यादव तथा सदस्यहरुमा जीवनाथ चौधरी, सुरेश प्रसाद यादव, राजकिशोर यादव र ललित साह, सुधीर किशोर यादवलाई जिम्मेवारी दिइएको छ भने मंच व्यवस्थापन समितिका संयोजकमा बजरंग यादव लगायत सदस्यहरुमा शर्मिला थापा, भावना ढुंगेल, अंजु झा , राकेश बिक्रम साह, शिव शंकर गोइत(साधु) र सुरेश ठाकुरलाई जिम्मेवारी दिइएको छ ।

त्यस्तै, प्रचार प्रसार समितिका संयोजकमा नितेश कुमार गुप्तालाई जिम्मेवारी दिइएको छ । स्वयम सेवक परिचालन समितिका संयोजकमा सुर्य बहादुर थापा ( भातृ संघ समन्वय विभाग प्रमुख) लाई जिम्मेवारी दिइएको छ ।

बैठकले पुस ५ र ६ गते हुने प्रथम नेपाली कांग्रेस मधेश प्रदेश सम्मेलनमा प्रस्तुत गरिने राजनीतिक/सांगठनिक प्रस्ताव एवं महामन्त्रीको प्रतिवेदन तर्जुमा गर्न महामन्त्री वृहस्पति कृष्ण श्रेष्ठलाई जिम्मेवारी दिने सर्वसहमतिबाट निर्णय गरेको छ ।

त्यस्तै आर्थिक प्रतिवेदन तर्जुमा गर्न प्रदेश कोषाध्यक्ष प्रदीप कुमार यादवको संयोजकत्वमा समिति गठन गर्ने निर्णय गरिएको मुख्यसचिव सन्तु प्रसाद यादबले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

सम्मेलनमा मूल आयोजक समितिका संयोजक, नेपाली कांग्रेस मधेश प्रदेशका प्रदेश सभापति, कार्यकारिणी सदस्य, पदाधिकारी, नेपाली कांग्रेस पार्टीका जिल्ला सभापति एवम सदस्य, नेपाली कांग्रेस प्रदेशसभा क्षेत्रीय सभापति, मधेश प्रदेश नगरपालिका महासंघ अध्यक्ष एवम सदस्य र मधेश प्रदेश गाउँपालिका महासंघका अध्यक्ष एवम सदस्य र मधेश प्रदेशका भातृ/शुभेच्छुक संघ संस्थाका प्रमुख सदस्यहरु लगायतको उपस्थिति रहने छ ।


जाजरकोट केन्द्रविन्दु बनाएर २०८० कार्तिक १७ गते गएको भुकम्प प्रभावितहरुलाई सहयोग गर्न इच्छुक महानुभावहरुलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार/सहायता कोषको देहायका खातामा रकम जम्मा गर्न सक्ने व्यहोरा अनुरोध छ ।

| बैाकको नाम | खाता नं (चल्ती खाता) |
|---|---|
| राष्ट्रिय वाणिज्य बैंक, पुतली सडक | ११३०१००००३७६२००१ |
| कृषि विकास बैंक, रामशाहपथ | ००१००२०१००२९०७०१४ |
| नेपाल बैंक लिमिटेड, काठमाडौं | ००२००१००५१००३९००००००१ |
| एभरेष्ट बैंक लिमिटेड, नयाँ बानेश्वर | ००१०११०२२०००१२ |
| स्टान्डर्ड चार्टड बैंक नेपाल लिमिटेड, लजिम्पाट | ०००१०१३२४३८०१ |
| ग्लोबल आइएमई बैंक लिमिटेड, बानेश्वर | ००४०१०१०००००५७ |
| हिमालयन बैंक लिमिटेड, ठमेल | ०१९०५६३१२१००११ |
| नबिल बैंक लिमिटेड, दरबारमार्ग | १७१००१७५०५२८५ |
| हिमालयन बैंक लिमिटेड, कमलादी | ०१९०५६३१२१००४६ (डलर खाता) |

नेपाल सरकार
विज्ञापन बोर्ड


# बेथितिको चाङ्क

ब्लग :



श्यामसुन्दर शशि



ललिता निवासको जग्गाखरिद-बिक्री, ३३ किलो सुन तस्करी, नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउँने गोरख धन्धा प्रकरण अदालतमा विचाराधीन रहेकै वेला, यस साता पुनःतीन गम्भीर घटना घटेका छन् । जसले सरकारको नियत र कार्यप्रणालीमाथि गम्भीर प्रश्न खडा गरेको छ । यस साता घटेका घटनाहरु छन् - नेपाली नागरिकलाई रुसी सेनामा भर्ती गराउन गिरोह सक्रिय हुनु, त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा पुनः १४ किलो सुन बरामद हुनु तथा एनसेल खरिद बिक्रीमा भ्रष्टाचारको आशंका । मुलुककै प्रतिष्ठा तथा अर्थतन्त्रमाथि गम्भीर आधात पुग्ने षडयन्त्र भइ रहँदा सरकारी निकायलाई पूर्वजानकारी नहुनुलाई सरकारको लापरवाही भन्ने कि मिलेमतो ?

करिब दुई वर्षदेखि रुस-युक्रेन युद्ध जारी छ । युद्धको क्रममा दुबै देशले ठूलो धनजनको क्षति बेहोर्नु परेको छ । यसक्रममा रुसी सरकारले अवैध मार्गबाट सेनाभर्ती अभियान सुरु गरेको छ । नेपाली म्यानपावर कम्पनीहरुको मिलेमतोमा रुसी सेनामा झण्डै ७ सय नेपाली भर्ना भइसकेका छन् । समाचार स्रोतहरुका अनुसार अवैध बाटोबाट रुसी सेनामा भर्ती भएका नेपालीहरु रुसका विभिन्न क्याम्पमा छन् । उनीहरुलाई मासिक तीन लाख तलब र एक वर्षपछि त्यहीको नागरिकता दिने आश्वासन दिइएको छ । सेनामा भर्ती भएकाहरु मध्ये ६ जनाको मृत्युभई सकेको छ भने दुई जना युक्रेनी सेनाको बन्धकमा परेका छन् ।

रुसका विभिन्न सैन्य कैम्पहरुमा असुरक्षित महसुस गरिरहेका तथा युक्रेनी सेनाको कब्जामा रहेकाहरु नेपाल सरकारसंग उद्धार गरिदिन हार गुहार गर्दैछन् । आकर्षक तलव तथा आवासको सुविधा पाउँने लालचमा रुसी सेनामा भर्ना हुन जानेहरुमा नेपाली सेना, सशस्त्र र प्रहरीबाट राजीनामा दिएर वा अवकाश गएका नेपालीहरूको संख्या अधिक छ ।

३३ किलो सुन प्रकरण परिणाममा पुग्ननसक्दै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पुनः१४ किलो सुनसहित एक जना पक्राउ परेका छन् । दूबईबाट आएका गोरखा, बारपाककाचन्द्र घलेको साथबाट दुई किलो सुनको ७ वटा विस्कुट बरामदभएको थियो । घले गएराति ११:५६ बजे फ्लाईदुबईको एफजेड ५७३ विमानबाट काठमाडौं अवतरण गरेका थिए । विशेष सूचनाको आधारमा भन्सारको टोलीले उनलाई अवतरण गर्ने वित्तिकै पक्राउ गरेको थियो । दुई दिन अघि बानेश्वर प्रहरी वृतले तस्करीको सुन राखेको आशंकामा न्यूरोडको सुन पसलमा छापा मारेर झण्डै ८ किलो सुन बरामद गरेको थियो । यसअघि साउन ३ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सबै जाँचपास भएर बाहिरिएको ६० किलो सुन राजश्व अनुसन्धान विभागले बरामद गरेको थियो । त्यसअघि विद्युतीय सिगरेट(भेप) मा लुकाएरसमेत ९ किलो सुन तस्करी भएको हामी सबैलाई थाहै छ ।



एनसेलको सेयर खरिद बिक्री प्रकरण अझ चाख लाग्दो छ । समय सापेक्ष कानुन निर्माण गर्न नसक्दा राज्यले बेहोर्नु परेको आर्थिक क्षति र भोग्नु परेको बदनामीको उदाहरण हो यो प्रकरण । नेपाल सरकार र एनसेल कम्पनीसंग भएको सम्झौता २५ वर्षपछि एनसेलको स्वामित्व नेपाल सरकारमा स्वतः हस्तान्तरण हुने उल्लेख छ । अबको ५ वर्ष अर्थात् २०८५/०८६ मा एनसेल नेपाल सरकारको हुने हो तर एनसेलका लगानीकर्ताहरूको यस चालले सरकारलाई ठूलो आर्थिक क्षतिहुने पक्का हो । हाल एनसेलमा भावना सिंह श्रेष्ठका नाममा रहेको सुनिभेरा क्यापिटल भेन्चर्सबाट २० प्रतिशत सेयर छ । गैर आवासीय नेपाली सतिशलालआचार्यको कम्पनी स्पेक्ट्रलाइट युकेले थप ८० प्रतिशत सेयर खरिद गरेपछि सिंगो एनसेल एकै परिवारको भएको छ । आगामी ५ वर्षपछि कानुनी छिद्र प्रयोग गरी स्वतः नेपाल सरकारका नाममा हस्तान्तरण हुनुपर्ने कम्पनी आचार्य परिवारले हत्याउने योजना देखिन्छ ।

> हाल एनसेलमा भावना सिंह श्रेष्ठका नाममा रहेको सुनिभेरा क्यापिटल भेन्चर्सबाट २० प्रतिशत सेयर छ । गैर आवासीय नेपाली सतिशलालआचार्यको कम्पनी स्पेक्ट्रलाइट युकेले थप ८० प्रतिशत सेयर खरिद गरेपछि सिंगो एनसेल एकै परिवारको भएको छ । आगामी ५ वर्षपछि कानुनी छिद्र प्रयोग गरी स्वतः नेपाल सरकारका नाममा हस्तान्तरण हुनुपर्ने कम्पनी आचार्य परिवारले हत्याउने योजना देखिन्छ ।

उच्च अदालत ललितपुरले एनसेलको सेयर खरिद बिक्री हाललाई कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गर्दै कम्पनी रजिष्ट्रारको कार्यालयलाई उक्तआशयको अभिलेख हाललाई प्रमाणीकरण नगर्न निर्देशन पनि दिएको छ तर अदालतले कुनै पनि आदेश वा फैसला कानुनको आधारमा दिने हो । कानुन विदहरुका अनुसार विदेशी लगानी व्यवस्थापन गर्न बनेका फरक फरक दुई कानुनमध्ये एक एनसेल कम्पनी तथा सेयर खरिद गर्ने कम्पनीको पक्षमा देखिएको छ भने अर्कोले विदेशी लगानीमा सञ्चालित कम्पनीको हक हस्तान्तरण गर्नु पूर्व नेपाल सरकारलाई जानकारी दिनु पर्ने प्रावधान छ । प्राप्तजानकारी अनुसार- नेपाल टेलिकमका पदाधिकारीहरुले कानुनमा संशोधन गर्न पटक पटक सरकारसंग आग्रह गरेको थियो ।

तीन पटक कानुनको मस्यौदा बनाएर मन्त्रालय मार्फत संसदमा पनि पठाएको थियो तर कानुन बन्न सकेन । जसको परिणाम हो- एनसेलको सेयर खरिद बिक्री प्रकरण । सोझो अर्थमा भनौं भने हाम्रा विधायकहरुको गैर जिम्मेवारीको बोझ सबैले बोक्नु परेको छ । सरकार, राजनीतिकर्मी तथा कर्मचारीहरुको मिलेमतोमा संचालित गोरखधन्धाको बोझ आम नागरिकले भोग्नु परेको छ ।






जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८